का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक २१५
❐ ३ असोज २०७८, आइतबार
❐ 19 September 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।




## महामन्त्रीमा युवाको प्रतिस्पर्धा

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २ असोज ।

नेपाली काँग्रेसको आसन्न महाधिवेशनमा सभापति पदमा क-कले नेतृत्वका लागि प्रतिस्पर्धा गर्छन् भन्ने यकिन छैन । नेतृत्वका लागि सभापति शेरबहादुर देउवा, उपसभापति विमलेन्द्र निधि, महामन्त्री शशांक कोइराला, बरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, पूर्वउपसभापति गोपालमान श्रेष्ठ, पूर्वमहामन्त्री प्रकाशमान सिंह, केन्द्रीय सदस्यहरु शेखर कोइराला र कल्याण गुरुङले दावी गरिरहेका छन् । कल्याण बाहेक नेताहरु ६५-८० वर्ष उमेर समूहका छन् ।

तर, यसपटक कांग्रेसमा सभापति भन्दा पनि महामन्त्री पदको प्रतिस्पर्धाले रोचक हुने देखिएको छ। आन्तरिक राजनीतिमा मात्र नभएर राष्ट्रिय राजनीतिमा प्रभाव पार्ने युवा नेताहरु गगन थापा, विश्वप्रकाश शर्मा र प्रदीप पौडेलले महामन्त्रीमा प्रतिस्पर्धा गर्ने घोषणा गरिसकेका छन् । बाँकी उम्मेद्वार टुंगो लाग्न सकेको छैन।

थापा, शर्मा र पौडेलले अहिलेसम्म कुन समूह हुन् भन्ने प्रष्ट हुन सकेको छैन। सभापतिमा धेरै उम्मेद्वार देखिएकाले कस्को पक्षबाट महामन्त्रीमा उम्मेद्वार हुने भन्ने बारे उनीहरु अलमलमा



> सत्तारुढ दल नेपाली काँग्रेसको १४औं महाधिवेशनमा सभापति पद जत्तिकै रोचक प्रतिशपर्धा महामन्त्री पदमा हुने देखिन्छ । सभापतिमा प्रौढ नेताहरुको स्पर्धा जस्तै महामन्त्रीमा युवा दावेदार मैदानमा उत्रने तयारीमा छन् ।

देखिन्छन् । यद्यपी थापा पौडेल, शर्मा उपसभापति निधि र पौडेल सिटौला प्यानलबाट उम्मेद्वार हुने चर्चा छ । शर्मा सभापति देउवा र उपसभापति निधिलाई एकैठाउँ राखेर महामन्त्रीको उम्मेद्वार बन्ने धाउन्नमा देखिन्छन् ।

अघिल्लो महाधिवेशमा सिटौला प्यानलबाट महामन्त्रीको उम्मेद्वार बनेका थापाले अहिले पौडेल पक्षमा लागेका छन् । उनी त्यही पक्षबाट महामन्त्री उम्मेद्वार हुने लगभग निश्चित छ । तर, यो पक्षबाट पौडेलको साथै शशांक, प्रकाशमान र शेखरले सभापतिमा दावी गरिरहेका छन् । उनीहरु बीच सहमति नजुटे कुन प्यानलमा लाग्ने भन्नेमा थापा अन्योलमा देखिएका छन् ।

अहिले सभापतिमा दावेदारी गरिरहेका नेताहरुबीच सहमति गराउने प्रयास गरिरहेको भए पनि उनको लागि त्यो सहज देखिएको छैन। "गगन थापाले अहिले तपाईले छोडिदिनुस्, अर्कोपटक तपाई सभापति बाँकी पृष्ठ २ मा

## अदालतले जोगाएको संविधान



*संसद् विघटन विरुद्ध निस्किएको प्रदर्शनका सहभागी । फाइल तस्वीर*

> संविधानसभाबाट संविधान जारी भएको ६ वर्ष पूरा भएको छ । यो खुशीयालीमा सरकारले विशेष कार्यक्रम गर्दैछ । संविधान दिवस मनाइरहँदा यो वर्ष संविधान ठूलो संकटबाट जोगिएको तथ्य समेत भुल्न मिल्दैन ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ असोज ।

सरकारले यो वर्ष पनि संविधान दिवस विशेष कार्यक्रम गरी मनाउँदैछ। संविधानसभाबाट संविधान जारी भएको ६ वर्ष पुगेको अवसरमा सरकारले तीन दिने कार्यक्रम आयोजना गरेको छ । तर बितेका वर्षहरू जस्तै तराई-मधेश केन्द्रीत एजेण्डामा आधारित जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले भने विरोध जनाउँदैछ।

लोसपाले कालो दिनका रुपमा यो दिवस मनाइने तयारी गरेको छ। संविधान जारी भइरहँदा असन्तुष्ट यी दलहरुले अघिल्ला वर्षहरुमा पनि विरोधमा मनाउने गरेका थिए । यसपटक पनि सत्ता साझेदार भएपनि जसपाले उत्सवका रुपमा यो दिवस नमनाउने भएको छ। प्रदेश-२ का मुख्यमन्त्री लालबाबु राउत यसवर्ष पनि उत्सवका रुपमा नमनाउने तयारीमा छन् ।

जसपा र लोसपाले संविधान संशोधनको माग छोडेको छैन । जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण र प्रदेशको सीमाकंनप्रति यी दलहरुको ठूलो असहमति छ। तर बितेको वर्ष भने संविधान निर्माणको दावी गर्ने नेता र दलहरुबाटै संविधान संकटमा पर्‍यो। मुख्यगरी संविधानले नदिएको अधिकार प्रयोग गरी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले संसद् विघटन गर्नुले संविधान संकटमा परेको थियो ।

अर्थात् प्रधानमन्त्रीले नै संविधान मिच्ने काम गरे। त्यो पनि दुई/दुई पटक । तत्कालीन बाँकी पृष्ठ २ मा

## मन्त्रिपरिषद् अपुरै उपलब्धी सार्वजनिक

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २ असोज ।

प्रधानमन्त्री नियुक्त भएको सवा दुई महिनासम्म पनि मन्त्री परिषद् विस्तार गर्न नसकेका प्रधानमन्त्री शेरवहादुर देउवाले यो अवधिमा गरेका कामहरु सार्वजनिक गरेका छन् । देउवाको सचिवालयले जारी गरेको 'सरकारका १५ काम' सार्वजनिक गरिएको हो ।

यो अवधिमा प्रमुख प्रतिपक्षी दल नेकपा एमाले नेतृत्वसँग भएको सम्वादलाई पनि उपलब्धी मानेको छ । प्रधानमन्त्री देउवाको सचिवालयले जारी गरेको 'सरकारका १५ काम' मा 'प्रमुख प्रतिपक्षी दललाई विश्वांसमा लिन अनौपचारिक छलफल र संवाद' लाई पनि महत्वका साथ उठाइएको छ । त्यस्तै 'एमसीसीमा राष्ट्रिय सहमतिको पहल' लाई पनि सरकारको उपलब्धीको रुपमा उल्लेख गरिएको छ । जबकि एमसीसीमा सत्तारुढ पार्टीहरुकै बीचमा विवाद चर्किएको छ । सरकार एमसीसी पारित गर्न संसदमा पेश गर्न डराइरहेको छ ।

तर, देउवाको सचिवालयले त्यो कुरालाई पनि सरकारको उपलब्धिको रुपमा प्रचार प्रसार गर्न खोजेको छ । त्यस्तै कोरोना महामारी नियन्त्रणलाई उच्च प्राथमिकता, एकैदिन तीन लाख मात्रासम्म कोरोना विरुद्धको खोप दिइएको, १८ वर्षमुनिका बालबालिकालाई चालिस लाख मात्रा मोर्डनाको खोप ल्याउने विषय टुंग्याएको, बाढी र पहिरो पीडितको उद्धार, राहत र पुन:स्थापनालाई तीव्रता दिइएको विषय उपलब्धीमा समेटिएको छ ।

कोरोना प्रभावित अर्थतन्त्र पुनरुत्थानका लागि विशेष प्याकेज ल्याएको, सरकारी कर्मचारीको तलब बढाएको, क्यान्सर, मिर्गौला र स्पाइनल इञ्जुरीका बिरामीलाई मासिक पाँच हजार रुपैयाँ दिने निर्णय भएको, पाँच लाख गरिब परिवारलाई मासिक १० हजार रुपैयाँ दिने निर्णय पनि सूचिमा उल्लेख छ ।

त्रिचन्द्र र घण्टाघर पुनर्निर्माणको निर्णयलाई उपलब्धीमा बाँकी पृष्ठ २ मा

## मलेसियाले ३२ हजार विदेशी कामदार लिने

**रामप्रसाद सुवेदी संगम/मध्यान्ह**
मलेसिया, २ असोज

मलेसियाले प्लान्टेशन क्षेत्रमा ३२ हजार विदेशी कामदार ल्याउने भएको छ । विदेशी कामदारको अभावले आर्थिक क्षेत्रमा दीर्घकालीनरूपमा गम्भीर घाटा भैइरहेको भन्दै मलेसियाले प्लान्टेशन क्षेत्रमा विदेशी कामदार ल्याउने बताएको हो ।

मलेसियाका मानव संशाधन मन्त्री सरवानन मुरुगनले प्लान्टेशनमा श्रमिकको अभावलाई कम गर्न तत्काललाई करिब ३२ हजार विदेशी कामदार ल्याउने विशेष स्वीकृति सरकारले दिने निर्णय गरेको बताएको स्थानीय दि स्टार अनलाइनले जनाएको छ ।

केही समयअघि यहा'को एसोसिएटेड चाइनिज चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री (एसिसिसिआईएम)ले प्लान्टेशनमा विदेशी कामदार भर्ना लिन मलेसिया सरकारलाई अनुरोध गरेको थियो ।

मन्त्री मुरुगनले विदेशी कामदार ल्याउने तयारी स्वरूप मानव संशाधन मन्त्रालयले क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थल नजिकै २ हजार क्षमताको कोभिड आइसोलेसन केन्द्र स्थापना गर्ने पनि बताए । उनले उक्त केन्द्र सञ्चालनका लागि स्ट्यान्डर्ड अपरेटिभ प्रासिड्युर (एसओपी) पनि बनाइरहेको बताए ।

एसिसिसिआईएमका अध्यक्ष लो किआन चुआनले विदेशी कामदारलाई प्रवेश दिने सरकारी प्लान्टेशन क्षेत्रमा देखिएको श्रमिकको अभाव हट्ने बताएका छन् । मलेसियामा कोभिडको संक्रमणपछि नयाँ विदेशी कामदारको एप्रूभल दिइएको छैन ।

पाम आयल मलेसियाको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ भने त्यहाँको पाम आयलले विश्व बजारमा करीब एक तिहाइभन्दा बढीको आपूर्ति दिइरहेको छ । बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## मलेसियाबाट आयो एकैदिन २१ नेपालीको शव र अस्तु

**काठमाडौं/मस–** मलेसियाबाट शनिबार एकैदिन २१ जना नेपाली कामदारको शव र अस्तु नेपाल आएको छ। त्यसमा ६ जनाको शव र १५ जनाको अस्तु रहेको छ। वैदेशिक रोजगारीका क्रममा उनीहरूको विभिन्न कारण मृत्यु भएको हो । परिवारको अनुमतिमा नेपालीको शव मलेसियामा नै अन्तेयष्टि गरी अस्तु नेपाल ल्याउने गरिएको छ।

वैदेशिक रोजगार बोर्डले सरकारी खर्चमा शव मृतकको घरसम्म पुर्‍याइदिने गरेको छ। नेपाली दूतावास र मलेसियास्थित जनउद्धार केन्द्रको पहलमा मृतकको शव र अस्तु नेपाल ल्याएर बाँकी पृष्ठ २ मा


**VACANCY ANNOUNCEMENT**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following. positions:-

- Receptionist (Female) -1
- Public Relation Officer (PRO) - 2 ( Male/Female)

तलब आपसी सहमतिमा

Experience: 2 Years on Manpower field for those positions.

**MBK एम. बि. के. ओभरसिज प्रा. लि.**

श्रम इजाजत नं. ५४२/०६१/०६२

सामाखुसी, अल नेपाल हस्पिटल जाने बाटो, काठमाडौं, फोन: ४३८९७६०, ४३८९७६१, ४३८९७६२

E-mail: mbkoverseas@gmail.com Web: www.mbkoverseas.com



**कतारमा रोजगार** | कम्पनी : INTEGRAL FOOD SERVICES WLL शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७८/०५/१५ चलानी नं.: ६०१६२१९५ LT. No.: 244752 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 22 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Storekeeper | 1 | 0 | | 1900 | ६१,१९९ | | | | | | | |
| 3. | Cooker | 12 | 0 | | 1500 | ४८,३१५ | | | | | | | |
| 4. | Assistant Cook | 7 | 0 | | 1300 | ४१,८७३ | | | | | | | |
| 5. | Cashier | 0 | 2 | | 1500 | ४८,३१५ | | | | | | | |
| 6. | waiter | 4 | 5 | | 1400 | ४५,०९४ | | | | | | | |
| 7. | Labourer | 63 | 0 | | 1000 | ३२,२१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा असोज ३ गते (19 Sept. ) आजै हुँदैछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

नोट: यसै कम्पनीको लागि Office Waiter, Commis -i Ii Iii, Outlet Supervisor, Restaurant Supervisor, Cdp, Dcdp, Waiter, Waitress, Hostess, Heavy Driver, Light Driver, Bell Boy, Security Guard, House Keeping, Agriculture Worker, Animal Care Taker & Diswasher को माग भएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**

श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०

गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१

मो: ९८५११८०९५४, ९८५१००२९७६,९८५१०४०९६०, ९८५१०१७५३४

Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com

# संविधान र कानुनमाथि कोही छैन : प्रजातन्त्र सेनानी

सुशीला रेग्मी/मध्यान्ह
रामपुर (पाल्पा), ३ असोज



'नियम र कानूनको पालना भएन भने देशको विकास सही गतिमा अघि बढ्दैन, संविधान र कानून भन्दा माथि कोही छैन, संविधानलाई सबैले पालना गरौँ,' यो भनाइ प्रजातन्त्र सेनानी बुद्धिराज भट्टराईको हो ।

देशको विकासतिर भन्दा पनि कुर्ची र सत्तामा नै नेपाली राजनीति रुमलिएको देख्दा र सुन्दा ८४ वर्षीय भट्टराईको मन नराम्रोसँग कुँडिएको छ । रामपुर नगरपालिका वडा नं ७ का भट्टराई दिनानुदिन सत्ताको खिचातानीमा रोकिएको राजनीतिप्रति चिन्तित छन् ।

आफ्नो जीवन कालखण्डमा राणा शासन व्यवस्थादेखि लिएर लोकतान्त्रिक शासन व्यवस्थाको राम्रै अनुभुती गरे । विधि र पद्धत्तिको शासन अनुसार नेतृत्वले काम नगर्दा देशमा अराजकता देखिएकोमा चिन्ता प्रकट गर्छन्, उनी ।

कुर्ची र सत्ताको मोहले गर्दा अहिलेको अवस्थामा आइपुग्दा जति विकास र प्रगति हुनुपर्ने हो त्यो नहुदा नेपाली जनताको चाहना अझ पूरा हुन नसकेको उनको भनाइ छ । 'गल्ती सबै राजनीतिक दलका नेतृत्वले गरेका छन्, कतिपय सन्दर्भमा कानून र संविधानलाई कुल्चेर काम गरिएका छन्, कानून र संविधान भन्दा माथि कोही छैन, दण्ड सजाय सबै व्यक्तिको हकमा लागू हुनुपर्छ,' उनले भने ।

आफ्नो समयमा देशका लागि गाउँगाउँमा लुकेर संगठन गर्ने गरेको स्मरण गर्दै उनले तत्कालीन समयमा व्यक्तिगत स्वार्थरहीत काम हुन्थ्यो । कुर्चीको मोहका कारण अहिले त आफ्नै संगठनभित्र नै अन्तरघात बढ्न थालेको उनले बताए । विसं २०१७ सालमा तत्कालिन राजा महेन्द्रले जननिर्वाचित सरकारलाई हटाएर सत्ता आफ्नो हातमा लिएपछि देशमा नेपाली काँग्रेसले राज्यविरुद्ध क्रान्ति गर्ने घोषणा गरी अगाडि बढ्यो । गाउँ गाउँमा राज्यविरुद्धको आन्दोलनमा नेतृत्व गर्ने व्यक्तिको खोजी कार्य हुन थाल्यो । विसं २०१९ मा खोजतलासीका क्रममा प्रहरीले शंका लागेका घर घरमा छापमार पठाउन थाल्यो ।

त्यसै क्रममा २०१९ को मङ्सीर १ गते प्रजातन्त्र सेनानी बुद्धिराज भट्टराई गिरफ्तारीमा परे । उनीसहित स्वर्गीय बोधराज भट्टराई, भेषराज भट्टराई र घनश्याम भट्टराई लगायतका व्यक्ति थिए ।

घरमा निरंकुश पञ्चायती व्यवस्था हटाएर प्रजातन्त्र स्थापना गर्नुपर्ने लगायतका विषय समेटिएको पुस्तक अध्ययन गरिरहने भट्टराई अन्ततः निरङ्कुशताका बिरुद्धमा लागेका हुन् । सुत्ने कोठामा लुकाएर राखिएको 'जनक्रान्ति किन ?' नामक पुस्तकसहित गिरफ्तारीमा परेका भट्टराई पक्राउ परेसँगै दश दिन केलादी प्रहरी चौकी रामपुरमा राखिएको र पछि त्यहाँबाट सारेर पाल्पा कारागार चलान गरिएको बताउँछन् ।

छ महिनाको जेल जीवन बिताएर पुनः गाउँ आएर संगठनमा लागेका युवालाई समर्थन गर्दै देश र जनताको लागि संघर्ष गरेको भट्टराईको स्मरणमा ताजै छ । पदका निम्ति कुनै पनि लोभ नगरेको र संघर्षमा उत्रिएर संगठन बिस्तार गरी अन्यलाई पनि जागरुक बनाउन लागेको बताउँदै उनले भने, 'अहिले त संगठन के हो बुझेको छैन, उसलाई नै ठुलो पद चाहिएको छ, काम गर्ने फेरी होइन, हामी त आफ्ना लागि यो पद चाहियो भनेर कहिल्यै लडिएन ।'

पद र लोभका लागि नभई समग्र देश र जनतको लागि निरन्तर खट्ने नेतृत्वको त्याग र तपस्याले देशमा २००७ साल यता ठूला ठूला परिवर्तन भए । तर अबका पुस्तालाई हेर्ने हो भने हिजोको राजनीतिको त्याग, बलिदान छैन, राजनीति संस्कार हराउन पुगेकोमा उनको चिन्ता छ ।

त्यस समयमा राज्य पक्षबाट प्रहरी गाउँ गाउँमा पुगेर संगठनको नेतृत्व गरेका व्यक्तिलाई गिरफ्तारी गरी जेल चलान गर्न थालेपछि निकै त्रासमा बाँच्नु परेको उनकी श्रीमती ७५ वर्षीय टेमकान्ती भट्टराई बताउँछिन् ।

'घोडा लिएर गाउँ गाउँमा प्रहरी आउथे, घरभित्र आफै पसेर धान, चामल उठाएर धान घोडालाई खुवाउँथे भने चामल भात पकाउन लगाएर खान्थे, कति पटक त मैले नै घरमा भात पकाएर प्रहरीलाई खुवाउनुपर्‍यो,' उनले हिजोको दिन सम्झँदै भनिन् ।

श्रीमानलाई प्रहरीले गिफ्तारी गरी लग्यो, घर घरमा प्रहरी आउँदा डराएरै जीवन बिताएको उनको अनुभव छ । अहिले भने पहिला जस्तो डर त्रास केही नभई स्वतन्त्रसँग बाँच्न पाउँदा आयु बढेजस्तो अनुभूति गर्छिन् । त्यस समयमा गोठाला जाने, घाँसपात गर्न, मेलापात गएका बेला सोही ठाउँबाटै शंका लागेका व्यक्तिलाई गिरफ्तारी गरिन्थ्यो । त्यसले पनि गाउँमा बच्चादेखि वृद्धवृद्धा सबैमा त्रास थियो ।

जनतामा निहित अधिकार रहने गरी विसं २०७२ सालमा जारी भएको नेपालको संविधान कार्यान्वयन हुँदै अहिले अगाडि बढीरहेको छ । नियम कानुन बनाउने काम तुलनात्मक रुपमा भएको छ । सानो सेवा लिन पनि माथिल्लो निकायमा नै धाउनुपर्ने अवस्था थियो अहिले तीन तहको सरकार बनेपछि गाउँबाटै अर्थात् तल्लो निकायबाटै नागरिकले सेवा सुबिधा लिन पाएको संबिधान सभा सदस्य राधाकृष्ण कंडेल बताउँछन् ।

उनका अनुसार ०७२ को संविधानले बहुदलीय व्यवस्था, प्रेस स्वतन्त्रता, शिक्षा, स्वास्थ्य लगायतको सुनिश्चितता र सामावेशीकरण अंगीकार गरेको छ । संबिधान जारी भएपछि तीन तहका सरकार बनेका छन् ।

प्रदेश सरकारका कार्यालय थिएनन्, अहिले सातै प्रदेश सरकारका संरचना बनेका छन् । दलीय कानुनको अधिकारलाई भने सर्वोच्चले लत्याएको संविधान सभा सदस्य कंडेलले आरोप लगाए । 'दलीय व्यवस्था नै पार्टीमा ठूलो हो, संसदले चुन्ने निर्णयमा अदालतले चुनेर प्रधानमन्त्री नियुक्त गर्ने काम भएको छ, अदालतबाट दलीय व्यवस्थालाई कमजोर बनाउने काम भएको छ, संबिधानलाई मिच्ने काम भएको छ,' उनले भने ।

# 'मुलुकलाई समृद्धि र सुशासनमा लैजान पुल फ्याक्टर आवश्यक'

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा कतार, २ असोज



कतारमा कार्यरत गोर्खालीहरूको साझा संस्था गोरखा सेवा समाज कतारद्धारा आयोजित 'राष्ट्र निर्माण र राष्ट्रियता विकासमा प्रवासीको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम शुक्रबार सम्पन्न भएको छ।

जूममा भर्चुअल माध्यमबाट आयोजना गरिएको कार्यक्रम पूर्व प्रधानमन्त्री तथा जनता समाजवादी पार्टी संघीय परिषद्का अध्यक्ष डा. बाबुराम भट्टराईको प्रमुख आतिथ्यता तथा समाज कतारका अध्यक्ष रामजी खत्रीको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि भट्टराईले हाम्रो देश प्राकृतिक श्रोत र साधनले धनी भएता पनि आर्थिक र सामाजिक रूपले अत्यन्तै कमजोर भएको औंल्याउँदै देश र राष्ट्रको विकास गरी समृद्ध नेपाल बनाउने हो भने हामीले राजनीतिक दल र पार्टी भन्दा माथि उठेर देशको सर्वोपरि हितमा लाग्नुपर्ने बताए । राष्ट्र निर्माणमा प्रवासीको मुख्य दुई वटा 'पुस फ्याक्टर' र 'पुल फ्याक्टर' रहेको बताउँदै मुलुकलाई समृद्धि र सुशासनमा लैजान 'पुल फ्याक्टर' लाई रोज्नु पर्ने बताए ।

उनले नेपालमा लगानी गर्नको लागि धेरै अवसर रहेको बताए । नेपालमै रहेको जल, जमिन र जङ्गललाई सही सदुपयोग गरी औद्योगिक क्षेत्र, स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र जलविद्युत जस्ता क्षेत्रमा विदेशमा बसेर आर्जन गरेका ज्ञान, सीप र धनलाई लगानी गर्न सके देशले मनग्य आम्दानी गर्न सक्ने बताउँदै उनले विकास र समृद्धिमा छलाङ मार्ने र सुशासनको व्यवस्था आउन सक्ने विचार व्यक्त गरेका थिए । कार्यक्रममा बोल्ने अर्का वक्ता पालुङटार नगरपालिका प्रमुख दीपक बाबु कँडेलले संस्थाले गर्दै आएका विभिन्न सामाजिक कार्यको खुलेर प्रशंसा गर्नुका साथै आगामी दिनमा स्थानीय सरकारको साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका थिए ।

कार्यक्रममा ग्लोबल गोरखा समाजका अध्यक्ष, गोरखा सेवा समाज नेपाल, एन.आर.एन. कतारका अध्यक्ष, विश्वका विभिन्न देशहरूमा स्थापना गरिएका गोरखा सेवा समाजका अध्यक्षहरू लगायत कतारका विभिन्न संघ संस्था प्रमुख तथा बुद्धिजीवीहरूको विशेष आतिथ्यता रहेको थियो ।

कार्यक्रमको समापन गर्दै सभापति खत्रीले विभिन्न सामाजिक संस्थाहरूसंग हातेमालो गर्दै सामाजिक सद्भाव कायम राख्न, आत्मीयता बढाउन अनि कुनै पनि अप्ठ्यारोहरू र संकटमा परेकाहरूको सहयोगको लागि संस्था स्थापना गरिएको बताए । वरिष्ठ उपाध्यक्ष ओमराज गुरुङले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई महासचिव विकास श्रेष्ठले सहजीकरण गरेका थिए ।

### बेलडाँडीका महिलाहरु भन्छन्–
# समाज सेवा नै हाम्रो सपना

गोमती पाल/मध्यान्ह
महेन्द्रनगर, २ असोज



बेलडाँडी गाउँपालिका २ की राधिका जोशीको सानैमा गरीबको पक्षमा बोल्ने मन हुन्थ्यो । महिला, दलित र पछाडि पारिएको समुदायको अवस्था देखेर उनी चिन्तित हुन्थियन । समाजका अन्य समुदायझैं उनीहरुलाई पनि समान रुपमा हेर्ने उनको चाहना थियो ।

'पछाडि पारिएका समुदाय, व्यक्तिका लागि आवाज उठाउने, सबै घुलमिल होऔ, बराबर होऔ, किनकीय यो समाज फूलजस्तै हो' उनी भन्छिन्,'त्यसैले म समाज सेवामा लागे, मलाई त कुनै पनि मान्छे पछाडि पर्न हुन्न भन्ने लाग्छ ।'

दलित महिला संघ (फेडो) कञ्चनपुरले भदौ तेस्रो साता आयोजना गरेको अभिमुखीकरण कार्यक्रमा उनले निर्धक्कसंग आफ्नो जीवन सपना सुनाउँदा अन्य सहभागीले कानेखुसी गर्न थालेका थिए । सपना सुनाएका सहभागीमध्ये उनले स्पष्ट रुपमा आफ्नो सपना बताएकी थिइन् ।

अभिमुखीकरण कार्यक्रम उद्घाटनपछि तालिमको औपचारिक कक्षा सुरुवातसंगै फेडोका कार्यक्रम संयोजक नर बहादुर आउजीले सहभागीहरुलाई आ-आफ्नो जीवनको सपना सुनाउन आग्रह गरेका थिए । त्यस अनुसार जोशीले आफ्नो सुनाउन अघि मनिसा नेपाली र कमलादेवी दमाईले सपना सुनाएका थिए ।

पहिलो सपना सुनाउने मनिसाले आफूसित केही नभएको बताइन् । उनी विद्यार्थी हुन् । त्यसपछि कमलादेबीले प्रष्टसंग सपना नभनेपछि जोशीको पालो आएको थियो ।

दलित महिला संघ (फेडो) को नेपालमा दलित महिलाको मानव अधिकार प्रवर्द्धन परियोजना अन्तर्गत सामुदायिक कार्यगत एकता समूह(सिएजी) का पदाधिकारी र सदस्यहरुका लागि अभिमुखीकरण कार्यक्रम गरिएको हो ।

बेलडाँडीका ५ वडामा वडा नं. १, २, ३ मा शान्ति नाथ र वडा नं. ३ र ४ मा पार्वती बडुको नेतृत्वमा दलित र गैर दलित समुदायका महिला पुरुष सहितको कार्यगत समूह गठन गरिएको छ । तालिममा ती दुबै समूहका पदाधिकारी र सदस्य सहभागी भएका छन् ।

सिएजी समूहका पदाधिकारी र सदस्ययले तालिममा आफ्नो जीवनको सपना सुनाएका हुन् । सहभागीहरुमध्ये अधिकाँशले समाजसेवा गर्ने सपना रहेको बताए । केहीले भने आफूहरुसित केही सपना नभएको बताए ।

देबकी बुढा, राम कुमारी राना, लक्ष्मी विक, शारदा विक, पार्वती देबी बडु, शान्ति नाथ लगायतले समाज सेवा गर्ने सपना सुनाए । समाजमा पछाडि पारिएका महिलाहरुको हक अधिकारका लागि वकालत गर्ने सपना देखेको रानाले बताइन् ।

सिएजी समूहको संयोजक बडु महिला र पछाडि पारिएका वर्ग समूहको अधिकारका लागि वकालत गर्ने सपना बोकेको बताइन् । 'महिला र पिछडिएको वर्गको सहभागिता गर्ने, समानता दिलाउने नै मेरा सपना हो' उनी भन्छिन् ।

बेलडाँडी वडा नं. १, २ र ३ की संयोजक नाथ आफूले नेता बन्ने सपना देखेको बताउँछिन् । उनी त्यसका लागि आफू संघर्ष गर्दै आएको बताउँछिन् । स्थानीय तह निर्वाचनमा उनी नेपाली कांग्रेसबाट वडा अध्यक्षमा चुनाव लडेकी थिइन् ।

कार्यक्रममा सहभागी अधिकांश पुरुषहरुले पनि समाज सेवाको सपना देखेको बताए । सामाजिक अभियन्ता खडक बहादुर ओडले समस्यामा परेका व्यक्ति समुदायको पक्षमा काम गर्ने सपना देखेको बताए । बेलडाँडी गाउँपालिका २ का उनी सामाजिक क्षेत्रमा कार्यरत छन् ।

सिएजीका सदस्य किसन साउँदले महिला हिंसा विरुद्ध आवाज उठाउने सपना देखेका छन् । उनी भन्छन्, 'हिंसामा परेका महिलाको आवाज सशक्त बनाएर उनीहरुलाई न्याय दिने सपना देखेको थिए ।'

फेडोको कार्यक्रम संयोजक नर बहादुर आउजी जीवन राम्रो बनाउन सपना चाहिने बताउँछन् । 'मान्छे भए पनि सपना देख्नु पर्छ, जीवनलाई राम्रो बनाउन सपना चाहिन्छ' उनी भन्छन्,'तर सपना मान्छेको जीवन चक्र अनुसार फरक हुन्छ ।'

सामाजिक अभियानमा लागेका व्यक्तिहरुले समता मुलक समाज बनाउने सपना देखेको उनको भनाई छ । भन्छन्, 'सपना नदेख्ने मान्छेलाई जीवनमा प्रगति गर्न सहज हुँदैन ।'

दलित महिला संघ (फेडो) का अध्यक्ष लक्ष्मी विक वर्षौंदेखि पछाडि परेको दलित समुदायमा महिलाहरु सबै क्षेत्रमा पछाडि परेको बताइन् । 'यो समुदाय त्यसै पछाडि छ, महिलाहरु त झन पछाडि छन्' उनी भन्छिन्, 'मान्छे कमजोर भएपछि सपना देखेर पनि केही हुँदैन भन्ने भावना छ ।'

दलित समुदायलाई निर्वाचनका बेला प्रयोग गरेपछि त्यसपछि वास्ता गर्न छाडिने अध्यक्ष विक बताउँछिन् । 'हिजो यस्तै भयो भनेर अब चुप बस्दैनौ, निर्वाचनका बेला नेताहरुसित भन्छौ ।'

जिल्ला समन्वय समिति कञ्चनपुरका सदस्य गुड्डी नेपालीले आफूले दुःखमा परेका व्यक्तिलाई साथ दिने गरेको बताइन् । 'जता पनि पहुँचकै कुरा हुन्छ, राजनीतिमा पनि अघि बढ्न पहुँच नै चाहिन्छ' उनी भन्छिन्,' म पार्टीगत रुपमा त हेर्दिन, दुःखमा परेकालाई साथ सहयोग गर्छु ।'

### अदालतले...

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को आन्तरिक कलह बढ्दै गएपछि गएको ५ पुसमा ओलीले दुई तिहाइ नजिकको बहुमत प्राप्त सरकार छदाछदै संसद् विघटन गरेका थिए । तर सर्वोच्च अदालतले ११ फागुनमा संसद् विघटन असंवैधानिक रहेको भन्दै सरकारको निर्णय बदर गरिदियो ।

तर फेरि पनि संसद् भंग गरे ओलीले, ७ जेठको मध्यराति । संसद्ले सरकार बनाउने संभावना जिवितै रहेपनि ओलीले राष्ट्रपति विद्यादेवी भण्डारीसँगको मिलेमतोमा संसद् भंग गरेका थिए । ३० वैशाखमा संसद्को ठूलो दलका नेताका हैसियतमा प्रधानमन्त्री नियुक्त ओलीले विश्वासको मत नलिइ संविधानको धारा ७६ (५) बमोजिम सरकार बनाउने भन्दै राष्ट्रपतिलाई सिफारिस गरे । ओलीको सिफारिस पछि नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई पाँच दलका १४९ सांसदले प्रधानमन्त्रीमा प्रस्ताव गरे । ओलीले पनि फेरि एमाले र जसपाको समर्थन रहेको भन्दै प्रधानमन्त्रीमा दावी गरे ।

अन्ततः राष्ट्रपति भण्डारीले दुवै दावीलाई अस्वीकार गरिन् र संसद् विघटनको बाटो खुला गरिन् । ओलीले पनि संसद् विघटन गरे । तर गएको २८ असारमा फरेि पनि संसद् अदालतबाट पुनर्स्थापना भयो । अर्थात् ओलीको संविधान मिच्ने कदम अदालतले बदर गरिदियो । यसबाहेक ओलीले संविधान मिच्ने काम भने संसद् नभएर अध्यादेश ल्याएर गरे । संविधानको प्रावधान बिपरीत संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएर संविधान र राज्य शक्ति सन्तुलन भत्काउनेगरी संवैधानिक नियुक्ति गरे ।

उक्त अध्योदश र नियुक्ति विरुद्ध परेको रिटको भने अहिलेसम्म सुनुवाइ अगाडि बढ्न सकेको छैन ।

सर्वोच्चका प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणालाई समेत विपक्षी बनाइएको उक्त रिट सर्वोच्चमा विचाराधीन छ । तर संसद्बाट सरकार बन्ने अवस्था रहेसम्म विघटन गर्न नमिल्ने संविधानको भावना बिपरीतको निर्णय भने अदालतले खारेज गरिदिएको छ । र, अर्को सुनिश्चितता भएको छ- उप्रान्त कुनैपनि प्रधानमन्त्रीले संविधान मिच्ने काम गर्ने सक्ने छैनन् ।

### महामन्त्रीमा....

बन्नुहोला भन्न पनि कुनै नेतालाई सकिरहनु भएको छैन । किनकि यसपटक महामन्त्री जितेर अर्को पटक सभापति हुने उहाँको आफ्नो दाउ हो" थापा निकट एक नेता भन्छन्, " कुनै नेतालाई अर्को पटक सभापति लड्नुहोला, अहिले उपसभापति बन्नुस् भन्नुको अर्थ आफ्नै बाटो छेक्नु हो । त्यसैले थापा आफै अफ्ठारोमा हुनुहुन्छ ।"

पौडेल भने सिटौला प्यानलबाट महामन्त्री लड्ने भएका छन् । अघिल्लो पटक पनि सिटौला प्यानलबाटै केन्द्रीय सदस्य जितेका उनको लागि थापाले प्यानल परिवर्तन गरेकोले महामन्त्रीमा प्रतिस्पर्धा 'बाटो क्लियर' भएको छ ।

महामन्त्रीमा प्रतिस्पर्धा गर्ने घोषणा गरेका तीनै जना युवा नेताहरु कांग्रेस पार्टीका चर्चित चेहरा हुन् । उनीहरु तीनै जना नेविसंघ पृष्ठभूमिका नेता हुन् । थापा सांसद र पूर्वमन्त्री हुन् । शर्मा र पौडेल भने राजकीय सत्ताको अनुभव गर्न पाएका छैनन् ।

### मन्त्रिपरिषद् ...

राखिएको छ । विद्युत् प्राधिकरणमा कुलमान घिसिङ र योजना आयोगमा विश्व पौडेलको नियुक्तिलाई पनि दुई महिनाको उपलब्धी मानिएको छ । राजधानी उपत्यकाको विभिन्न १० ठाउँमा सस्तोमा खानाको व्यवस्था गरिएको, विद्यार्थी लक्षित पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन हुने विषय उपलब्धी सूचीमा उल्लेख गरिएको छ ।

### मलेसियाले ...

मलेसियाको प्लान्टेशन उद्योगमा सन् २०१० मा ६९ प्रतिशत विदेशी कामदार रहेका थिए भने सन् २०१५ मा विदेशी कामदारको उपस्थिति ७५ प्रतिशत पुगेको थियो ।

हाल पनि विदेशी कामदारको निर्भरता यथावत रहेको मलेसियाका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । मलेसियाले आफ्ना नागरिक र अटोमेसनका आधारमा विदेशी कामदारको निर्भरता हटाउने बताए पनि पर्याप्त इन्सेन्टिभ नपाएको भन्दै स्थानीय कामदार प्लान्टेशनको रोजगारीमा आकर्षित नभएको र अटोमेसनका लागि समय लाग्ने बताइएको छ ।

## रौतहट डायरी
इसत्याक अहमद/मध्यान्ह

# सामाजिक सञ्जालमार्फत चरित्र हत्या गर्न खोजियो: नगर प्रमुख



रौतहट परोहा नगरपालिकाका नगर प्रमुख शेख वकिलले रौतहटमा केहि व्यक्तिले पत्रकारको नाममा जथाभावी व्यक्तिगत तथा संगठनात्मक रुपमा बदनाम गरेको आरोप लगाएका छन् ।

नगरप्रमुख वकिलले शुक्रबार एक प्रेस विज्ञप्ति जारी गर्दै सामाजिक सञ्जालमार्फत आफ्नो चरित्र हत्या गर्ने कार्य भइरहेको बताएका छन् । उनले यस्ता कार्य गर्ने माथि नियन्त्रण गर्न सम्बन्धित निकाय नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिलसँग आग्रह समेत गरेका छन् । उनले केहि उत्सृङ्खल व्यक्तिको कारण सिंगो पत्रकारिता पेशा बदनाम भइरहेकोले यसप्रति ध्यानाकर्षण गर्न आग्रह गरेका छन् ।

विगत केहि दिन देखि नगरपालिकाले नगरेको कार्यलाई जोडेर सामाजिक संजालमा भ्रामक कुराहरुले पोस्ट गर्ने गरेको कार्य प्रति घोर आपत्ति जनाउँदै मेयर वकिलले भ्रामक तथ्यहीन कुरा लेख्ने माथि कानूनी कारबाही गर्न बाध्य हुने विज्ञप्तिमार्फत चेतावनी दिएका छन् ।


उनले भनेका छन्, 'मसँग आर्थिक लाभ लिने उदेश्यले तथ्यहिन कुरा लेखेर बदनामी गर्ने खोजेको आरोप लगाउँदै नगरपालिकाले विभिन्न व्यक्तिलाई लैपटप तथा मोबाइल वितरण गरेको भनि फेसबुकमा लेखेर भ्रम फैलाउने कार्य गरिएको छ ।'

उनले आफूसँग पटक-पटक आर्थिक लाभ लिन खोजेको र नदिएको कारण झुठो कुरो लेखेर चरित्र हत्या गर्न लागेकोले त्यो व्यक्ति माथि मानहानीसहित क्षतिपूर्तिको दावीसहित मुद्दा गर्ने बताएका छन् ।

उनले कहिले फोनबाट त कहिले नगरपालिका आएर कर्मचारीहरुलाई धम्काउने कार्य गर्ने गरेको समेत आरोप लगाएका छन् ।

पत्रकारिता पेशा सम्मानित पेशा भएकोले कसैलाई बदनियत पूर्वक बदनाम गर्ने, पत्रकारिताको आडमा अनुचित लाभ लिने खोज्दा पत्रकार माथिको आम नेपाली नागरिकको विश्वास गुम्ने अवस्था रहेकोले यस्ता खाले विकृति विसंगति हटाउन समेत उनले आग्रह गरे ।

# सवारी चेकजाँचमा कडाइ



प्रहरीले रौतहटको राजपुर बनहर लालबकैयाको पुलस्थित सवारी साधनहरुलाई व्यापक चेकजाँच गरेको छ ।

प्रहरी निरीक्षक दिनेश कुँवरको कमाण्डमा खटिएको टोलीले शनिबार बिहान १० बजेदेखि बमन्हर रोडमा सवारी साधन चेकजाँच बिना हेल्मेट, ब्लु बुक तथा सवारी चालक अनुमति पत्र नभएका ३१ सवारीसाधनलाई कारबाही गरेको छ । उक्त सवारीसाधनबाट २० हजार पाँच सय रुपैयाँ राजस्व संकलन भएको ट्राफिक प्रनानी सुरेन्द्र कोइरालाले बताए ।

प्रहरी उपरीक्षक बिनोद घिमिरेले कार्यकाल सम्हाले वित्तिकै लापरबाही गर्ने चालकलाई नछाड्ने बताउँदै आएका छन् ।

### मलेसियाबाट...

आफन्तलाई बुझाइएको बताइएको छ । मलेसियामा केही वर्षयता नेपाली कामदार जाने क्रम रोकिए पनि मृत्युको दर भने बढेको छ ।

कोरोना संक्रमण, कार्यस्थलमा हुने दुर्घटना, आत्महत्या, सुतेको सुत्यै जस्ता घटनामा नेपाली कामदारको ज्यान जाने गरेको भएपनि अकालमा मृत्युको कारणको गहिरो अनुसन्धान हुन नसकेको र नेपाली दूतावासले पनि छानविनका लागि आवश्यक दबाब दिन नसकेको कतिपयको भनाइ छ ।

# ऐतिहासिक इन्द्रजात्रा पर्व शुरु

## आज राष्ट्रपति भण्डारी वसन्तपुर दरबार क्षेत्रमा जाँदै

**काठमाडौं/मस**–काठमाडौं उपत्यकाकै प्राचिन ठूलो सांस्कुतिक विशेष पर्व इन्द्रजात्रा शनिबारबाट शुरु भएको छ। इन्द्र देवताको पूजाआजा गर्दै मनाइने इन्द्रजात्रा अन्र्तगत शनिबार बिहान हनुमानढोका परिसरमा इन्द्रजात्राको इन्द्रध्वजोत्थान तथा लिंगो ठडयाएपछि जात्रा शुरु भएको हो। बिहान ६ बजेर एकाउन्न मिनेटको शुभ साइतमा इन्द्रध्वजोत्थान गरिएको हो।

इन्द्रध्वजोत्थान गरेपछि जात्राको मुख्य दिन आइतबार कुमारीलाई तल्लो टोल यात्रा गराइन्छ। तीनै वटा रथ शुरु गरिने इन्द्रजात्राको मुख्य दिन आइतबार राष्ट्रपति विद्यादेवी भण्डारी वसन्तपुर दरबार क्षेत्रमा जाने कार्यक्रम छ। सोमबार माथिल्लो टोल यात्रा गराइने कार्यक्रम छ। असोज ८ गते नानिचा यात्रा गरिनेछ। त्यसै दिन राति इन्द्रध्वज पतन अर्थात् लिङ्गो ढालिने साइत छ। यसरी करिब १५ दिन लामो इन्द्रजात्रा पूरा हुनेछ।

कोरोना महामारीका कारण गत वर्ष पूजा आराधनामात्र गरेर यात्रा स्थगित गरिएको थियो। यस वर्ष सरोकार भएका निकायको बैठकले स्वास्थ्य मापदण्ड पालना गरी न्यूनतम उपस्थिति गराएर जात्रा गर्न लागिएको हो। वर्षा राम्रोसँग सम्पन्न भई बाली लगाइएकाले अब बिदा लिनुस् भनी वर्षा अन्त्यको कामना गर्न यो जात्रासँगै विभिन्न देवीदेवताको नाच देखाइने गरेको धार्मिक विश्वास छ।

भदौ २३ गते बुधबार बिहान १०:५२ मा वनयात्रा गरी इन्द्रजात्राका कार्यक्रमको सुरुआत भएको थियो। त्यसै दिन बेलुकी



बेलुकी ७:२७ मा लिङ्गोका लागि रुख काटिएको थियो। लिङ्गोका लागि रुख काट्नेलगायत सबै साइतमा गरिएको अध्यक्ष श्रीकृष्ण अधिकारीले जानकारी दिए। भदौ २९ गते बिहान १०:३४ बजे भोटाहिटीबाट लिङ्गो नगर प्रवेश गराइएको थियो।

इन्द्रजात्रा सुरु भएका विषयमा विभिन्न किम्वदन्ती प्रचलित छ। एउटा भनाइअनुसार वर्षा राम्रोसँग सम्पन्न भई बाली लगाइएकाले अब बिदा लिनुस् भनी वर्षा अन्त्यको कामना गर्न यो जात्रासँगै विभिन्न देवीदेवताको नाच देखाइने विश्वास गरिने हनुमानढाकोका मूल पुरोहित अर्यालले बताए।

अर्को किम्वदन्तीअनुसार स्वर्गका राजा इन्द्र आफ्नी आमाको व्रतका लागि पारिजातको फूल, कर्कलाको पातलगायत सामग्री लिन पृथ्वीमा आउँदा पक्डिएकाले इन्द्रजात्राको परम्परा सुरु भएको भन्ने गरिन्छ। प्राचीनकालदेखि नै विजयको प्रतीकका रुपमा इन्द्रजात्रा मनाउन थालिएको विश्वास गरिन्छ।

मल्लकालदेखि इन्द्रजात्रामा कुमारी जात्रा पनि गर्न थालिएको हो। मल्लराजा यात्रामा सँगसँगै रथमा बसेर हिँड्ने चलन थियो। पृथ्वीनारायण शाहले काठमाडौं विजय गरेपछि भने दाम राखेर ढोग्ने परम्परा सुरु भएको हो। प्राचीनकालमा भारत वर्षभर इन्द्रजात्रा गर्ने परम्परा भए पनि मुस्लिमको आक्रमण भएका स्थानमा यो परम्परा टुटेको छ। नेपाल भने बाह्य शक्तिको नियन्त्रणमा नपरेकाले वैदिक कालदेखि नै यो परम्परा निरन्तररुपमा चलेको विश्वास गरिन्छ।

आधुनिक इतिहास भने मल्लकालदेखि मात्र इन्द्रजात्रा सुरु भएको विभिन्न ग्रन्थमा उल्लेख गरिएको छ। मल्लकालसम्म भाद्र शुक्ल एकादशीका दिन गरिने इन्द्रध्वजोत्थान शाहकालदेखि भने भाद्र शुक्ल द्वादशीका दिन गर्न थालिएको हो। पृथ्वीनारायण शाहले काठमाडौं विजय गरेपछि पनि यहाँको संस्कृतिलाई आत्मसात् गर्दै यो परम्परालाई निरन्तरता दिइएको इतिहासका पुस्तकमा उल्लेख छ।

### ६ लेन राजमार्ग

# ठूला व्यवसायीको मस्ती, सर्वसाधारणलाई सास्ती

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २ असोज

सुनसरीको इटहरीमा निर्माणधिन ६ लेन राजमार्ग अहिले ठूला व्यवसायीहरूको लागि पार्किङ गर्ने र सामान राख्ने थलो बनेको छ। पार्किङ अभावका कारण अस्तव्यस्त बनेको राजमार्ग व्यवसायीहरूको मनपरीले झनै लथालिंग बन्न पुगेको छ। इटहरीको धरान लाइनमा निर्माणधिन राजमार्ग पूर्ण नहुँदै ठूला व्यवसायीहरूले आफ्नो निजी सवारी पार्किङ गरिदिने, सामानहरू राखि दिनाले सर्वसाधारण पैदलयात्रीहरू मर्कामा परेका छन्। व्यवसायीहरूको यस्तो व्यवहारले परियोजनाको काम समेत प्रभावित भइरहेको सम्बन्धित ६ लेन परियोजना कार्यालय इटहरीले जनाएको छ। उक्त क्षेत्रमा कालोपत्रेको काम सकिएपनि राजमार्गको बीच भाग मिलाउने र बगैंचा बनाउने काम बाँकि नै रहेको जनाइएको छ। साघुँरिएको सडकलाई फराकिलो बनाउने काम सकिएपनि राजमार्गमा व्यवसायीहरूको पार्किङ



र सामान राख्ने स्थल भएपछि अहिले सर्वसाधारणहरू प्रत्यक्ष मर्कामा परेका छन्। पैदल यात्रुहरू ओहोरदोहोर गर्ने पेटि नै मिचेर व्यवसायीहरूले आफ्नो निजी कारहरू पार्किङ गरेपछि ६ लेन राजमार्ग पार्किङ स्थल बन्दै गएको हो। धरान लाइनमा रहेका धेरै जसो निजी व्यवसायीहरूले राजमार्गको सडक पेटि मिचेर सामान राख्ने र पार्किङ स्थल बनाइरहँदा पनि स्थानीय सरकार मौन बसेको पाइएको छ। निजी व्यवसायी मात्र नभइ सिटी सफारी पनि त्यहि राजमार्गमै पार्किङ हुने गरेको छ। जसको कारण दैनिक दुर्घटना हुनुका साथै ट्राफिक व्यवस्थापन समेत अस्तव्यस्त बन्ने गरेको छ। यस विषयमा इटहरी उपमहानगरका मेयर द्वारिकलाल चौधरीसँग बुज्दा उनले बढ्दो शहरीकरणसँगै इटहरीमा सवारी चाप थाम्नै नसक्ने गरी थपिएको र पार्किङ अभावले यो समस्या निम्तिएको बताए। तर स्थानीय सरकार रमिते बनेर बस्यो भन्नु गलत रहेको उनको टिप्पणी छ। मेयर चौधरीले इटहरी भित्रै स्मार्ट पार्किङको व्यवस्था मिलाउने गरी काम थाल्ने आश्वासन दिए। त्यस्तै प्रदेश १ ट्राफिक प्रहरी कार्यालय इटहरीका प्रवक्ता डिएसपी सुमन तिम्सिनाका अनुसार धरान रोडमा व्यवसायीहरूको निजी गाडी पार्किङ हुँदा राजमार्गमा ट्राफिक व्यवस्थापन कठिनाइ भएको छ।

# जनमत अर्द्ध साप्ताहिकको आयोजनामा रक्तदान



**पवन जयसवाल/मध्यान्ह**
नेपालगन्ज, २ असोज

नेपालगन्जबाट विगत ४० वर्षदेखि प्रकाशित हुँदै आएको जनमत अर्द्ध साप्ताहिक पत्रिकाले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा शनिबार अपरान्हसम्म स्वयम्सेवी रक्तदाताहरु पत्रकार, व्यवसायी, शिक्षक, कर्मचारी लगायत दुई जना महिलासहित ४६ जनाले रक्तदान गरेका छन्।

जय बागेश्वरी सिमन्ट उद्योग प्रा. लि., गनापुर नेपालगन्ज बाँकेको सहकार्यमा भएको उक्त रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका पूर्व केन्द्रीय उपाध्यक्ष अजीत कुमार शर्मा र जनमत सम्पादक पूर्णलाल चुकेले प्राविधिकलाई रगत संकलन गर्ने प्याकेट प्रदान गरी शुरु भएको थियो। जनमतले आफ्नो रजत वार्षिकोत्सव २०६३ साल वैशाख २९ गतेदेखि हरेक तीन महिनामा रक्तदान कार्यक्रमको आयोजना गर्दै आइरहेको छ।

विशेषगरी रगतको अभावमा छट्पटाइ रहेका गरिब, असहाय र दूर दराजबाट आउने बिरामीहरुलाई लक्षित गरेर 'रक्तदान महादान' को पवित्र उद्देश्यले आयोजना गर्दै आएको रक्तदानको यो ५० औं श्रृङ्खला हो।

कार्यक्रममा जय बागेश्वरी सिमेन्ट उद्योग प्रा. लि., गनापुर नेपालगन्ज बाँकेका महाप्रवन्धक सुमन कुमार श्रेष्ठ, जनमतका सम्पादक पूर्णलाल चुकेले रक्तदाताहरुलाई टिसर्ट प्रदान गरेका थिए। २०६३ साल वैशाखदेखि निरन्तर रुपमा आयोजना गरिँदै आएको त्रैमासिक रक्तदान कार्यक्रममा हालसम्म करिब तीन हजारको संख्यामा स्वयम्सेवी रक्तदाताहरुले रक्तदान गरिसकेको सम्पादक पूर्ण लाल चुकेले जानकारी दिए।

उक्त कार्यक्रममा सहकार्य गर्ने जय बागेश्वरी सिमेन्ट उद्योग प्रा.लि., गनापुर नेपालगन्ज बाँकेका महाप्रवन्धक सुमन कुमार श्रेष्ठलाई प्रशंसा पत्र प्रदान गरिएको थियो। रक्तदान गर्नेहरुमा अन्नपूर्ण दैनिकका प्रदेश ब्यूरो प्रमुख शंकर प्रसाद खनाल, निरजमान श्रेष्ठ, नारायण मौर्या, इन्द्रसेन वर्मा, मन मोहन वर्मा, प्रमोद कुमार यादव, स्वयम्सेवी रक्तदाता युवा समाजसेवी उद्यमी दिला शाह, भरत नेपाली, जानकी गाउँपालिका वडा नं.५ का वडाध्यक्ष रमेश कुमार वर्मा, विश्वास कक्षपती, लक्ष्मण प्रसाद चमार, विक्रम नेपाली, रेडक्रसकर्मी प्रहलाद विश्वकर्मा, सञ्जय बढही, होमराज गिरी, सुनिल रतौया, भगवान शरण यादव, नन्दराज न्यौपाने, पत्रकार जागेश्वर सिंह थारु, सोम गुरुङ, सरिता वैश्य, रोहित गुप्ता, युवा चर्चित कलाकार प्रमोद डिजी, गौतम प्रसाद पौडेल, लक्ष्मण कुमार वैश्य, मधु चौधरी, दिनेश कुमार चौधरी, लक्ष्मण राना, अशोक कुमार मौर्या, गुरुदीन यादव, धर्मेन्द्र सिंह, पवन कुमार वैश्य, विनोद कुमार वैश्य, भक्त बहादुर केसी, राजन वर्मा, भोला प्रसाद गुप्ता, सोनम थारु, निखिल चौधरी लगायत ४६ जनाले रक्तदान गरेका छन्।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित मध्यपश्चिम प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मीको नेतृत्वमा होमराज गिरी, सुनिल थापामगर, केशर सिंह डाँगी लगायतले प्राविधिक सहयोग गरेका थिए भने कार्यक्रममा निखिल जायसवाल, आकाश जायसवालले सहयोग गरेका थिए। कतिपय हाम्रा नियमित रक्तदाताहरु विविध कारणवस उपस्थित हुन नसकेको र रक्तदान गर्ने उच्च अभिलाषा बोकेर आउने कतिपय रक्तदाता उक्त रक्तचाप, न्यून रक्तचाप र औषधी सेवनका कारण रक्तदान गर्न नपाई निरास भई फर्किएका थिए।

# कपिलवस्तुमा बस पल्टिदा १८ यात्रु घाइते

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २ असोज

कपिलवस्तुको बनकसवासामा बस पल्टिँदा १८ जना घाइते भएका छन्। काठमाडौंबाट यात्रु लिएर रुकुम हिँडेको बस कपिलवस्तुको चन्द्रौटा नजिक दुर्घटना भएको हो। ना ८ ख २९६ नं. को बस आफैं अनियन्त्रित भई सडकबाट पल्टिएको हो।

उक्त बसमा सवार ३१ जनामध्ये १८ जना घाइते भएको लुम्बिनी प्रदेश ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। बसका चालक फरार रहेकाले उनको खोजी भइरहेको र घाइतेहरुको चन्द्रौटास्थित सन्जिवनी सामुदायिक अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

घाइते हुनेमा सल्यान सारदा न.पा. १५ मान्यता बस्ने वर्ष १८ की मेनुका योगी, बाघचौर न.पा. १० पिपलनेटा बस्ने वर्ष ३४ की खिमा केसी, रुकुम भुमे गाउँपालिका ७ बस्ने वर्ष ३५ को सत बहादुर बुढा मगर, रुकुम सानेभेरी गाउँपालिका ३ बस्ने वर्ष २६ को प्रेम ब खत्री,



रुकुम सानेभेरी गाउँपालिका ३ बस्ने वर्ष २१ को मनोज केसी, रुकुम सानेभेरी गाउँपालिका ६ बस्ने वर्ष ३१ को जनक खत्री, रुकुम मुसिकोट न.पा.६ सोलावाङ बस्ने वर्ष २८ की कविता मल्ल, रुकुम मुसिकोट न. पा. ५ बस्ने वर्ष ४१ को रनेस कुमार खड्का, रुकुम मुसिकोट ८ बस्ने वर्ष २० को नन्दलाल गिरी र रुकुम भुमे गाउँपालिका २ खावाङ बस्ने वर्ष २० की चाहाना रोका मगर रहेका छन्।

त्यस्तै घाइते हुने अन्यमा सोलुखुम्बु सोलुदुतकुण्डा न.पा.११ बस्ने वर्ष ३८ को राजन कार्की, सोलुखुम्बु सोलुदुतकुण्डा न.पा ८ बस्ने वर्ष ५६ को प्रकाश मगर, दाङ तुल्सीपुर उप-महानगरपालिका ७ बस्ने वर्ष ५७ की कमला बुढा, सल्यान बाघचौर नपा २ बस्ने वर्ष २६ को लोकेन्द्र डिसी, दाङ घोराही न.पा. १५ बस्ने वर्ष ३३ की दिलपुरी बुढी मगर, सल्यान बाघचौर न.पा. १० बस्ने वर्ष ३२ को धन बहादुर केसी, सल्यान दारमा गाउँपालिका ५ बस्ने वर्ष ३९ को दिप बहादुर ओली, सल्यान दारमा गाउँपालिका १ बस्ने वर्ष ६२ को होले महर रहेका छन्। उनीहरुको संजीबनी सामुदायिक अस्पताल चन्द्रौटामा उपचार जारी रहेको प्रहरीले जानकारी दिएको छ।

# भोलिदेखि भेरोसेलको दोस्रो मात्रा लगाइँदै

**काठमाडौं/मस**– सरकारले यही असोज ४ गतेदेखि कोरोना भाइरसविरुद्धको खोप भेरोसेलको दोस्रो मात्रा लगाउने भएको छ।

जिल्ला स्वास्थ्य कार्यालय काठमाडौंले जिल्लाका १४५ खोप केन्द्रबाट भेरोसेल खोपको दोस्रो मात्रा लगाउने भएको हो। कार्यालयले यही असोज ४ देखि ६ गतेसम्म ती खोप केन्द्रमा गई खोप लगाउन सम्बन्धीत सबैलाई आग्रह गरेको छ। कार्यालयका प्रमुख जनस्वास्थ्य प्रशासक बद्रीबहादुर खड्काका अनुसार खोप लगाउनका लागि काठमाडौं महानगरपालिकामा ३२, कीर्तिपुरमा १०, चन्द्रागिरिमा १५, नागार्जुनमा १०, तारकेश्वर ११, दक्षिणकालीमा नौ, बूढानीलकण्ठमा १३, टोखामा ११ तथा गोकर्णेश्वर, शंकरापुर र वागेश्वरी मनहरामा नौ/नौ खोप केन्द्र तोकिएको छ। यसैगरी काठमाडौं महानगरपालिकामा थप सात खोप केन्द्र तोकिएको छ।


**काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८/०६/०३ गते**

श्री प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूह गुर्भाकोट न.पा. १२, सुर्खेतको सामुदायिक वनबाट २०७७/०७८ मा उत्पादन भई समूहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको साल जातको गोलिया थान ३९ को २५४.९३ क्यु.फि. काठ र दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूहको कार्यालय गुर्भाकोट न.पा. १२, सुर्खेत र डि.व.का. सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूह**
गुर्भाकोट न.पा.-१२, सुर्खेत



**कतारमा रोजगार** | १. कम्पनी: DOSA KADAI CAFETERIA शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/३१ चलानी नं.: ६०१६३३१७ LT. No. 245785

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 2 | 0 | स. काममा दक्ष | 1400 | ४५,०९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: DOORS LEADER TRADING शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/३१ चलानी नं.: ६०१६३३१८ LT. No. 245784

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ असोज १० गते (26 September 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै बिमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Pokhara Recruitment (P.) Ltd.**
Sitapaila, Kathmandu, Nepal
Gov. Lic No. 1426/074/075
Tel: +977- 1- 4038186, 4038483, Mobile: 9851149287
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com,
Web: www.pokhararecruitment.com.np



**SAUDI मा रोजगार** | १. कम्पनी : ABDULLAH MOHAMMED ABDULAZIZ AL-RAJHI COFFEE COMPANY शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७६/०५/१७ चलानी नं.: ६०१६२३०४ LT. No.: 244731 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Coffee Maker | 15 | 0 | | 1200 | ३७,५२४ | | | | | | | |

२. कम्पनी : KUSHANE RESTAURANT FOR MEALS शहर : Riyadh

पूर्व स्वीकृत मिति: २०७८/०४/०५ चलानी नं.: ६०१६०३९४ LT. No.: 242846 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : MANAFEA CONSTRUCTION CONTRACTING COMPANY शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०१/१० चलानी नं.: ६०१५७७९० LT. No.: 239453 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborers | 40 | 0 | स. काममा दक्ष | 1000 | ३१,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : ANASIR AL GHIDHA FOR FOOD PRODUCTS COMPANY शहर : AL KHOBAR

पूर्व स्वीकृत मिति: २०७८/५/११ चलानी नं.: ६०१६२०६७ LT. No.: 244592 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३१,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : SHAZRAT AL KHAIR CONTRACTING COMPANY शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०४/०५ चलानी नं.: ६०१६०३९२ LT. No.: 242848 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 20 | 0 | स. काममा दक्ष | 1000 | ३१,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी : BAZBAZA INTERNATIONAL TRADING CO. LTD शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७६/०९/२१ चलानी नं.: ६०१४९६०६ LT. No.: 230542 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 27 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Common Labor | 17 | 0 | | 1000 | ३१,२७० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ६ को रु. १०,०००/- अन्यको नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ असोज १० गते (26 Sept. 2021) मा हुनेछ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## सम्पादकीय

# संविधान बचेको वर्ष

सरकारी आयोजनामा यसपटक पनि धुमधामका साथ संविधान दिवस मनाइदैछ । संविधानसभाबाट ३ असोज २०७२ मा संविधान जारी भएको थियो । अहिले ६ वर्ष पुगेको छ । र संविधानको ६ वर्षे उत्सव मनाइदै गरेको हो । संविधान दिवस मनाइरहँदा यसपटक भने अघिल्ला वर्षहरू भन्दा केही उल्लेख्य दृष्य सतहमा आउँछ । किनकि संविधान कार्यान्वयनको प्रमुख दायित्व बोकेको सरकारबाटै संविधान मिच्ने अनेक प्रयत्न भए । संविधानले नदिएको अधिकार तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रयोग गरेर दुई पटक संसद् भंग गर्ने निर्णय गरे । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को आन्तरिक कलह चर्किएर गएपछि ओलीले संसद् भंग गर्ने जस्तो असंवैधानिक कदम चालेका थिए ।

हुन त ओली आफैले संविधान निर्माणको नेतृत्व गरेको दावी गर्थे । बरू तराई–मधेश केन्द्रीत राजनीतिक एजेण्डा बोक्ने दलहरू यो संविधानप्रति असन्तुष्ट थिए । यसपटक पनि जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) उत्सव नभएर विरोध दिवस मनाउँदैछन् । निर्वाचन क्षेत्र निर्धारण, समानुपातिक समावेशीता, प्रदेशको सीमाना लगायतप्रति असन्तुष्टि जनाएका यी दलहरूले संविधान दिवसलाई कालो दिवस मनाउने गर्छन् । तर संविधान निर्माणको दावी गर्ने ओलीले नै यसपटक संविधानको मूल मर्म बिपरीत कदम चाले । उनले ५ पुस र ७ जेठको मध्यराति संसद् विघटन गरेका थिए । जसलाई सर्वोच्च अदालतले बदर गर्दै संसद्लाई जिवित राखिदिएको छ ।

ओलीको संविधान मिच्ने कदम संसद् विघटनले मात्रै टुंगिएन । संविधानको भावना बिपरीत दल विभाजन सम्बन्धी अध्यादेश जस्तो अलोकप्रिय र असंवैधानिक कदम चाले । ओलीले राज्य शक्ति सन्तुलन भत्कनेगरी संवैधानिक परिषद् सम्बन्धी अध्यादेश समेत ल्याएका थिए । प्रमुख विपक्षी दलका नेता, प्रतिनिधिसभाका सभामुख र उपसभामुख भएपनि संवैधानिक नियुक्ति सिफारिस गर्न सक्नेगरी अध्यादेश ल्याएर ओलीले संवैधानिक नियुक्ति सिफारिस समेत गरे । त्यो निर्णय विरूद्ध परेको रिट सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा छ । ओलीको उत्तराधिकारीका रूपमा प्रधानमन्त्री नियुक्त शेरबहादुर देउवाले पनि संविधानको भावना बिपरीत दल विभाजन सम्बन्धी अध्यादेश ल्याए । एमाले र जसपा विभाजित भयो । अर्थात् संविधान निर्माणको दावी गर्नेहरूबाटै यसपटक संविधानमाथि गम्भीर आक्रमण भयो । तर अदालतले त्यसलाई रोक्दै मुलुकलाई संवैधानिक दायराभित्र राख्ने फैसला सुनायो ।

## सामाजिक सञ्जाल



नेकाको सभापतिमा उठ्नेले यो, त्यो गर्छु भनेर कुनै राजनीतिक, सामाजिक र आर्थिक क्षेत्र समेटेर दस्ताबेज निकाल्ने ल्यागत/हैसियत राख्यौँ ? तिम्रा चाउरे अनुहार, साउती र चीया र भट्टी खर्चकै आधारमा भोट दिनु ? भैरेले सोधेको !

- विनोद न्यौपाने




मुलुकभर युरिया मलको अभाव चर्किएको छ । 'मलको अभाव हँदैछ' भनेर दुई महिना अघि नै थाहा पाएको सरकारले मल आयातका लागि वैकल्पिक उपायहरूको अबलम्वन नै गरेन । मलको आपूर्ति सहज बनाउन सरकारी तबरमा नै मल ल्याउन सक्ने अवस्था तर्फ पनि कुनै पहल नै भएन ।

- सुशील यादव



एमसीसीका जन्मदाताहरू त्यतिबेलाका प्रम अहिले पनि प्रम देउवा, परराष्ट्रमन्त्री कृष्णबहादुर महरा, हस्ताक्षर गर्ने त्यो बेलाका अर्थमन्त्री ज्ञानेन्द्रवहादुर कार्की अहिले कानूनमन्त्री छन् । त्यो सरकारका गृहमन्त्री जनार्दन शर्मा अहिले अर्थमन्त्री छन् । तर, दोष जति सबै ओलीलाई थोपरिएको छ ।

- नारायण शर्मा



यो दलाल पुँजीवादी संसदीय व्यवस्थाको अन्त्य नभएसम्म हामी श्रमजीवी वर्गको उत्थान हुँदैन । परजिवितन्त्र खारेज नभएसम्म राजनीतिक स्थायित्व हुनै सक्दैन । साम्राज्यवाद र विस्तारवादलाई घुँडा नटेकाएसम्म स्वाधीनता र सार्वभौमिकताको रक्षा हुँदैन । हामी जनताले गम्भीर भए र सोच्नेबेला भएको छ ।

- दीपक प्याकुरेल



कोरोनाको चपेटा थियो, लाशको बिस्कुन हुन्थ्यो, अक्सिजन नपाएर मान्छे तड्पिइरेहका हुन्थेँ, बेड र भेन्टिलेटर हाहाकार थियो ! त्यसबखत राज्यले जयनगर – जनकपुर रेल चलाउने भन्दै अर्बौं खर्चियो, आज कबाडी बन्यो ! उक्त रकम जनताको उपचारमा लगाएको भए हजारौं परिवार पीडामा हुँदैन्थ्यो ! कवाडी सोच !

- निर्मल प्रसाईं

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# एमसीसी अनुमोदनमा भइरहेको षडयन्त्र !

हामीले देख्यौं कोशी, गण्डकी, महाकालीजस्ता सम्झौता सत्तासँग साटिएका थिए । व्यवस्था नै परिवर्तन भनेर लागेका माओवादी नेताहरुले पनि सेना, हतियार अनि जनयुद्धलाई सत्तासँगै साटेका थिए । परिणाम स्वरुप हामी जति अगाडि गयौं भनेपनि २०४६/०४७ कै वरिपरि घुमिरहेकै छौं । एउटा राजा फाल्यौं तर, राजा बनाउने व्यवस्था बनायौं । हामी गणतन्त्र भन्दै संसदीय व्यवस्थामा गयौं ।



● विष्णु पन्त

### एमसीसी विश्वभरी नै विवादमा


एमसीसी विश्वभरका थुप्रै देशहरुमा विवादित र अलोकप्रिय छ किनकी यो एउटा इण्डोप्यासिफिक रणनीतिको अंग हो । इण्डोप्यासिफिक रणनीतिअन्र्तगत भएको यो कुनै निःशर्त सहयोग हैन । हामी सबैलाई थाहा छ, यसमा शर्तैशर्तहरुको चाङ्ग छ । शर्तहरु यस्ता छन् कि जसलाई मान्दा हाम्रो राष्ट्रिय स्वाधीनतामाथि हमला हुन्छ । हामी विस्तारै वैधानिक र स्वेच्छिक उपनिवेशतर्फ प्रवेश गर्दछौं । कुरा स्पस्ट छ - एमसीसी परीयोजना हाम्रो राष्ट्रिय हितसँग सम्बन्धित छ भने यसलाई संसदबाट पारित गर्नैपर्ने बाध्यता किन ? बिआरआईलाई संसदबाट पारित गर्नुपर्ने त बनेन् । त्यसकारण बिआरआई स्वीकार गर्न कुनै विवाद भएन, किनकी त्यहाँ शर्तहरु छैनन् । त्यसकारण बिआइआई कुनैपनि देशमा विवादित बनेन तर, एमसीसी सर्वत्र विवादित र अलोकप्रीय बन्यो । कतिपय देश र सरकारले एमसीसीलाई पूर्ण रुपले अस्वीकार गरे । नेपालमा एमसीसी खासगरी सरकारका लागि टाउको दुःखाईको विषय बन्नुको कारण के हो ? धेरै विश्लेषकहरुको आरोप छ, नेपालका धेरै शीर्षनेताहरु कर्मचारी र सञ्चारमाध्यमलाई एमसीसीले पैसा बाँडेको छ । नत्र यत्रो राष्ट्रिय स्वाधिनताको विषयलाई आँखा चिम्लेर एमसीसी चाहिन्छ भन्ने बहस र कुतर्क गर्नुको पछाडीको कारण के हो ? जनताले शडकबाट भनीरहेका छन् - खबरदार नेताहरु ! राष्ट्रघाती एमसीसी अस्वीकार गर ।

प्रस्तावित एमसीसीविरुद्ध जनआक्रोश बढ्दो र चर्किदो छ । तर निर्वतमान प्रधानमन्त्री केपी शर्मा ओली र हालका प्रधानमन्त्री शेरबहादुर देउवा एमसीसीका पक्षमा मरिमेटेर लागेका छन् । पछिल्लो अवस्थामा एमसीसीको विपक्षमा एमाले उभिन खोजेजस्तो देखिएको छ, जुन स्वागतयोग्य पनि छ । जनताको चाहना छ- एमाले मात्रै होइन् सबै संसदवादी दलहरु एमसीसीलाई अस्वीकार गर्नेतर्फ लागुन् । बाहिर आएअनुसार पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपाल पनि एमसीसीलाई रोक्ने मोर्चामा छन् । त्यसकारण देउवा सरकार ठूलो संकटमा छ भन्नेहरुको तर्क पनि जायज छ ।

हामीलाई थाहा छ, अफगानिस्तान घटना पछि विश्वमा दुई धार वा नयाँ शितयुद्ध सशक्त रुपमा विकसित हुँदैछ । अमेरिका विस्तारै पछाडि हट्दैछ । अर्थात् अबको विश्व रंगमञ्चमा अमेरिकाको प्रभाव घट्दो छ । अर्को शब्दमा भन्दा अमेरिकाको अहिलेको हस्तक्षेपकारी रणनीतिमा परिवर्तन नभए ऊ अब एक्लिने अवस्थामा पुग्दै छ । यो नयाँ अन्र्तविरोधमा नेपाली जनता सँधै स्वाधीनता र स्वतन्त्रताको पक्षमा लडेका छन् । सबैलाई थाहा छ, नेपालमा अमेरिका र भारतबाट सधैँ हस्तक्षेप हुने गरेको छ । हस्तक्षेपको विरोध गर्दा सुलेमानी बन्नु पर्ला भन्ने चेतावनी पनि यदाकदा नआउने वा नसुनिने होइनन् । हाम्रो परराष्ट्र नीति स्पष्ट हुनुपर्छ कि कुनै पनि शर्तहरुको बोझले थिचिएर आउने सहयोग हाम्रा लागी अस्वीकार्य छ । बृहत राष्ट्रिय सहमतीद्धारा एउटा नयाँ सन्देश समग्र अन्तराष्ट्रिय जगतलाई दिनसके भोलीका लागि पनि सुखद हुनेछ ।

मेरो विचारमा देउवा, ओली, प्रचण्डलाई एउटा सुनौलो अवसर छ कि एउटा बृहत राष्ट्रिय सम्मेलन गरेर एमसीसी जस्ता हस्तक्षेपकारी परियोजनाहरु अस्वीकार गर्ने राष्ट्रिय प्रतिबद्धता जारी गर्न सकिन्छ । यस्तो प्रतिबद्धतापत्र जसले सबैखाले हस्तक्षेपहरुका बाटोहरु बन्द गरी देओस् । हामीलाई थाहा छ, नेपालमा फेरि अरु दाशढुङ्गा हत्याकाण्ड वा दरबार हत्याकाण्ड दोहोरीनु नपरोस् । सहयोगका नाममा हुने हस्तक्षेप वा उपनिवेशलाई सदासदाको लागि अन्त्य गर्न जरुरी बनेको छ । आज पनि यदि चीनको उदय नभएको भए थुप्रै हत्याकाण्डहरु हुने नै थिए भन्ने तथ्यलाई बुझ्नु पर्छ । कसैले पूर्वसभामुख कृष्णबहादुर महरा काण्डलाई पनि यस्तै घटनासँग जोडेको देखिन्छ । केहिको तर्क छ, यदि एमसीसीलाई रोक्न खोजेमा सभामुख अग्नीप्रसाद सापकोटा पनि अदालतको फैसलामार्फत जेल जान सक्छन् । कतिपयले त भनेका छन, एमसीसीको पक्षमा नगएमा प्रचण्डको पनि ज्यान सुरक्षित रहने छैन । तर यी सबै तर्क वा पूर्वानुमानहरु कायरतापूर्वक फैलाइएका अफबाहरु मात्र हुन् ।

> नेपालमा अमेरिका र भारतबाट सधैं हस्तक्षेप हुने गरेको छ । हस्तक्षेपको विरोध गर्दा सुलेमानी बन्नु पर्ला भन्ने चेतावनी पनि यदाकदा नआउने वा नसुनिने होइनन् । हाम्रो परराष्ट्र नीति स्पष्ट हुनुपर्छ कि कुनै पनि शर्तहरुको बोझले थिचिएर आउने सहयोग हाम्रा लागी अस्वीकार्य छ ।




> इण्डोप्यासिफिक रणनीतिअन्र्तगत भएको एमसीसी कुनै निःशर्त सहयोग हैन । हामी सबैलाई थाहा छ, यसमा शर्तै शर्तहरुको चाङ्ग छन् । शर्तहरु यस्ता छन् कि जसलाई मान्दा हाम्रो राष्ट्रिय स्वाधीनतामाथि नै हमला हुन्छ । हामी विस्तारै वैधानिक र स्वेच्छिक उपनिवेशतर्फ प्रवेश गर्दछौं ।

### अनुमोदनको षडयन्त्र जारी छ

एमसीसीलाई संसदबाट अनुमोदन गराउने दबाब दिनका लागी नै एमसीसीको उपाध्यक्ष फतिमा सुमार नेपाल आएकी हुन् । नेपाल आएर उनले दलका नेताहरुलाई दबाब दिएकी छिन् । हामीलाई प्रष्टै छ, नेपालको भूगोलमा एमसीसी पास गराउनु अमेरिकाका लागी अनिवार्य छ । प्रष्टै छ कि अमेरिका सबै हतकण्डा प्रयोग गरेरै भएपनि त्यो अनुमोदन गराउने रणनीतिमा छ । नेपालको जनमत उल्टो छ । अनुमोदनका लागी षडयन्त्र गर्नकै लागी एमसीसी उपाध्यक्ष सुमार आएकी हुन् । षडयन्त्रहरु विभिन्न प्रकारका हुन सक्छन् । सरकारले पठाएको एमसीसीलाई प्रश्न एउटा गम्भीर षडयन्त्र हो । यथास्थितिमा एमसीसी पास हुँदैन तर सुधार गरेर पास गर्नुपर्छ भन्नेहरुको षडयन्त्र गम्भीर र रहस्यपूर्ण छ । एमाले, माके, एस जस्ता सबै दलहरु परिमार्जनसहित एमसीसी अनुमोदन गर्ने अडानमा छन् । जनआक्रोशलाई मत्थर पार्ने वा जनतालाई दिग्भ्रमीत गर्ने उद्देश्यले नै परिमार्जनको मुद्दा उठाइएको हो भन्ने स्पष्ट छ । फेरि पनि परिमार्जनको मुद्दाले स्पष्ट गर्दछ कि षडयन्त्रपूर्वक ढंगले एमसीसी पारीत गर्ने प्रतिबद्धतामा सहिछाप गरिसकेका छन् ।

षडयन्त्र अर्को पनि छ, एमसीसीको अनुमोदन गर्ने गरी देउवा र ओलीको नयाँ सत्ता गठबन्धन बन्न सक्ने आकंलन वा सम्भावना पनि छ । अर्को षडयन्त्र छ, अन्तत्वगत्वा वर्गमान सत्ता गठनबन्धनले एकमनका साथ अनुमोदन गर्ने छ । यसबाट देखिन्छ कि एमसीसी अनुमोदनका लागि धेरै खाले षडयन्त्र र अभ्यासहरु भईरहेका छन् । अहिलेसम्मको तस्बीर हेर्दा सामान्य ढंगले एमसीसी पारित हुने अवस्था छैन किनकी जनता यसको विपक्षमा छन् । सबै दलभित्र एमसीसी पक्षधरहरु अल्पमतमा छन् । नेपाली कांग्रेशमा समेत एमसीसी अस्वीकार्य बन्ने अवस्था बन्दै छ । मेरो विचारमा संसदीय दलहरुले परीमार्जनको नाटक गर्नेछन् । अमेरिका जसरी पनि नेपालमा एमसीसी लागु गर्नु पर्ने परिस्थितिमा भएकोले अन्तत्वगत्वा परीमार्जनको लागि तयार हुने नै देखिन्छ । तर हाम्रा नेताहरु बिकाउ र आत्मसमर्पणवादी प्रवृत्तिका भएको हुनाले यथास्थितिमा पनि अनुमोदन नगर्लान् भन्न सकिँदैन ।

### सत्तासँग राष्ट्रियता साट्ने प्रवृत्ति

नेपालका संसदीय नेताहरुमा एउटै र समान प्रवृत्ति छ, त्यो हो आत्मसमर्पणवादी मनोवृत्ति । त्यसकारण आम नेपाली जनताको एउटै बुझाई छ - नेपालमा एउटा पनि राष्ट्रवादी र राजनेता जन्मिन सकेन । हाम्रा नेताहरु सत्तासँग राष्ट्रियता साट्न तयार हुन्छन् । गायक तथा गीतकार शिशिर योगीको शब्द सहि छ- म यो देशमा एउटा नायक खोजी रहेछु । हामीले देख्यौं नि त कोशी, गण्डकी, महाकाली जस्ता सम्झौता सत्तासँग साटिएका हुन् । पछि गएर जनमुक्ति सेना, हतियार अनि जनयुद्धलाई पनि सत्तासँगै साटिएका हुन् । परिणाम स्वरुप हामी जति अगाडि गयौं भनेपनि २०४६/०४७ कै वरिपरि घुमिरहेकै छौं ।

हामीले एउटा राजा फालेर सयौं राजा बनाउने व्यवस्थामा गयौं । गणतन्त्र भन्दै संसदीय व्यवस्थामा गयौं । त्यसकारण जब राष्ट्रियताको बहस वा विवाद चर्किन्छ सँगसँगै सत्ताको कृत्रिम बहस पनि उत्पन्न गरिन्छ । जस्तो आज एमसीसीको विवाद चर्किँदै जाँदा नयाँ सत्ता समिकरणको चर्चा चलाइएको छ । नयाँ सत्ता समिकरणको चर्चाले माके वा प्रचण्ड र एकीकृत समाजवादी वा माधव नेपाललाई दबाब दिन्छ । बरु एमसीसी पास गरेरै भएपनि वर्तमान सत्ता गठबन्धन टिकाउनु पर्ने बाध्यतामा छ प्रचण्ड-नेपाल समूह । उता ओलीको रणनीति छ, प्रचण्ड-नेपाल तयार नभए देउवालाई साथ दिने अनि गठबन्धन एकमत भए विपक्षमा जाने । त्यसकारण नेपालको सत्ताको चापी विदेशीहरुमा छ भन्ने तथ्य स्पष्टै छ । कतिपय विश्लेषकहरुले भनिसकेका छन् कि एमसीसीबाट खाएको पैसाका कारण यो अनुमोदनका लागि दलहरु र शीर्ष नेताहरु बाध्य छन् । हामीलाई थाहा छ, वर्तमान संसदीय सत्ताका नाईकेहरु हुन् - शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड हुन् । यी तीन नेताको कुरा मिल्यो भने सबैको कुरा मिलिहाल्छ र संसदमा सर्वसम्मत हुन्छ ।

त्यस्तै परे बहुमत हैन दुईतिहाइ बहुमतबाट अनुमोदन हुन बेर लाग्दैन् । त्यसकारण बाहिर एउटा र भित्र अर्कै षडयन्त्र गर्ने प्रवृत्तिका कारण नेताहरुको विश्वसनीयता छैन । तत्कालिन समय प्रचण्डले जनमुक्ति सेनाको विघटन पनि झुक्याएरै भएको थियो । आजका संसदीय नेताहरुमा कुर्चि नै मुख्य सिद्धान्त छ । कुर्ची बिना त एकछिन पनि बाँच्न नसक्ने रोग लागेको छ । आजसम्मका अनुभवका आधारमा हेर्ने हो भने केहि साना बाहेक सबै संसदीय दलहरु एमसीसी भित्र्याउन एकमत छन् । थोरै दायाँ-बायाँ गरे नयाँ सत्ता गठबन्धनको हतियार तयारी अवस्थामा छ । धेरै सांसदहरुको चिन्ता मन्त्रिमण्डल विस्तारसँग जोडिएको छ । देउवा, प्रचण्ड र नेपालबीच गठबन्धन बनाउने पूर्वसन्ध्यामा नै एमसीसी अनुमोदन गर्ने सहमति भईसकेका भन्ने समाचार पनि साँक्षी छन् । यदि दाहाल र नेपाल तयार नभए ओली र देउवाको समिकरण बन्ने सम्भावना पनि छ । जसरी हुन्छ एमसीसी पारित गर्ने रणनीतिमा थोरै षडयन्त्रहरु भएको दृश्यहरु प्रष्ट नै छन् ।

### राष्ट्रवादी ध्रुवीकरणको अपरीहार्यता

कम्तीमा एउटा विशाल राष्ट्रवादी धुव्रीकरणको आवश्यकता बढेको छ । विभिन्न नाममा जनताहरु सडकमा निस्किएका छन् तर एउटा राष्ट्रवादी मुलधार निर्माणको अपरीहार्यता बढेको छ । राष्ट्रवादी शक्ति र समूहहरु एकिकृत र संगठित रुपमा आउनुपर्छ । सबै क्रान्तिकारी, प्रगतिशील, लोकतन्त्रवादी र राष्ट्रवादी शक्तिहरु एकताबद्ध भई राष्ट्रवादी मुलधारको निर्माण गर्न धेरै ढिला भईसकेको छ । यदि त्यस्तो धारको विकास हुन नसकेमा व्यवस्था परिवर्तन भए पनि नेताहहरु उहि रहने अवस्था कायम रहन्छ । व्यवस्था पनि केवल ब्यानरमा फेरिने दुर्दशा दोहोरनी नजिर बनिसक्यो । त्यसकारण अब नयाँ ढंगले राष्ट्रवादी धुव्रीकरण नभएमा देशको अस्तीत्व नै संकटमा पर्ने निश्चित छ । फेरि पनि भनौं - *एमसीसी खारेज गर ।*

# मालिस गर्दाका फाइदाहरु

व्यस्तताले भरिएको तनावग्रस्त आधुनिक जीवनशैलीका लागि तेल मालिस अमृत समान हो । विशेषतः कफ तथा वाथ रोगहरुमा तेल अत्यन्त लाभदायक छ । तर, ज्वरो आएको, घाउ खटिरा भएको, एकाएक सुन्निएको अवस्थामा मालिस गराउनु हुँदैन । उपयूक्त औषधिय द्रव्यहरुको छनोट गरेर गराइएको मालिसले स्वस्थ्य जीवन चाहने जो कोहिलाई पनि पोषण गर्दछ ।



● डा. हेमराज कोइराला

मालिस अत्यन्त लोकप्रीय प्राकृतिक उपचार विधि हो । मौषम परिवर्तन, वातावरणीय प्रदूषण, गलत आहार-बिहार, प्रतिरक्षा प्रणालीको क्षय, असन्तुलित भोजन, मानसिक तनाव, व्यायाम र विश्रामलाई प्रश्रय नदिने जीवनशैली, कामको आपाधापी आदिका कारणले शरीरका साम्य अवस्थामा रहेको पञ्च महाभूतहरूको असन्तुलन पैदा भएर विभिन्न किसिमका रोगहरूको जन्म हुने गर्दछ । फलतः व्यक्ति रोगी हुन पुग्दछ । प्राकृतिक चिकित्साको सिद्धान्तअनुसार यी असन्तुलित पञ्चमहाभूतहरूलाई साम्य अवस्थामा ल्याएर सन्तुलित गराएमा रोगी पुनः स्वस्थ्य जीवनमा फर्कन्छ । पञ्चमहाभूत सन्तुलनका लागि प्राकृतिक चिकित्सामा विभिन्न किसिमका उपचार विधीरु छन् जसमध्ये तेल मालिस पनि एउटा उपचार पद्धति हो ।

स्वस्थ व्यक्तिले तेल मालिस योग्य मालिस कर्तासँग गराउन सक्छन् भने रोगीले मालिस गराउनु पूर्व प्राकृतिक चिकित्सकको परामर्श लिन जरुरी छ । चिकित्सकले मालिस गराउने व्यक्तिको शारीरिक तथा मानसिक प्रकृति रोगका कारणले उत्पन्न विकृति, पञ्चमहाभूतहरूको अवस्था, व्यक्तिको बल, बय (उमेर) र रोगावस्था आदिको वारेमा पूर्ण जानकारी लिनेछन् । मालिसको प्रकार, समय, मालिसको कला र स्नेहन द्रव्य (तेल) छनोट व्यक्तिको शारीरिक तथा मानसिक प्रकृतिको आधारमा गरिन्छ । रोगीको रोगलाई हेरेर रोग सामक तेलको प्रयोग नै तेल मालिसको विशेषता हो । यी औषधिय द्रव्यहरुको क्रिया र मालिस कलाको संयोजन नै तेल मालिस हो ।

### मालिस गर्नुका फाइदाहरु

व्यस्तताले भरिएको तनावग्रस्त आधुनिक जीवनशैलीका लागि तेल मालिस अमृत समान हो । विशेषतः कफ तथा वाथ रोगहरुमा तेल अत्यन्त लाभदायक छ । तर, ज्वरो आएको, घाउ खटिरा भएको, एकाएक सुन्निएको अवस्थामा मालिस गराउनु हुँदैन । उपयूक्त औषधिय द्रव्यहरुको छनोट गरेर गराइएको मालिसले स्वस्थ्य जीवन चाहने जो कोहिलाई पनि पोषण गर्दछ ।

- निद्रासम्बन्धि समस्याहरु जस्तै, निद्रा नआउने, बिचबिचमा निद्रा टुटिरहने, गहन तथा आरमदायी निद्राको अवस्थासम्म पुग्न नसक्ने, सपना ज्यादा देख्ने, निद्रामा बरबराउने आदि समस्यमा लाभदायक छ ।
- त्वचाको रक्तसंचारलाई बढाएर भोजनबाट प्राप्त पोषक तत्वहरु र अक्सिजनलाई तुलनात्मक रुपले कम रक्तसंचार हुने, त्वचाको बाह्य स्थानसम्म पुऱ्याई पोषण प्रादन गर्दछ । फलतः मृत कोषहरु हटाएर त्वचालाई सुन्दर बनाउछ ।
- दिशा, पिसाप, पसिना जस्ता विजातिय द्रव्यहरुको निष्कासनमा सहयोग गर्दछ ।
- जोर्नीहरुको कार्यक्षमता बढाई शारीरिक तन्दुरुस्तीलाई जीवन्त राख्न सहयोग गर्छ ।
- इन्द्रियहरु निर्विकार हुन्छन् । मांशपेसी र त्वचाको प्राकृतिक लचकता, रंग चुस्त रहन्छन् ।
- तनाव दूर गराएर मानसिक प्रशन्नतालाई जिवन्त राख्दछ । साइकोसोम्याटिक रोगका लागि लाभदायक छ । थकावट, कमजोरी र आलस्यता दूर गर्नमा तेल मालिस सहायक छ ।
- कम उमेरमै देखा परेका बुढेसकालका लक्षणहरु जस्तै, कपाल फुल्ने, चाउरी पर्ने, त्वचाको प्राकृतिक रंग उग्लिने, हाड जोर्नीहरु खिइने, रगतका नसाहरू साघुरिएर रक्तचाप वढ्ने जस्ता समस्यामा लाभकारी छ ।
- धातु क्षयलाई रोक्दछ । अनुहारमा चमक ल्याउदछ ।

# हुथी नेताको हत्यामा संलग्न नौ जनालाई मृत्युदण्ड

**काठमाडौं/एजेन्सी–** साउदी अरबले दाबी गरेको सन् २०१८ को हवाई आक्रमणमा मारिएका आफ्ना एक जना प्रमुख नेताको हत्यामा संलग्न भएको आरोपमा यमनी हुथी समूहले शनिबार नौ जनालाई मृत्युदण्ड दिएको बताएको छ ।

हुथी समूहका तत्कालिन सर्वोच्च राजनैतिक परिषद्का प्रमुख सालेह अल-सामदको तीन बर्ष पहिले भएको मृत्यु सानालाई नियन्त्रण गरेको इरान समर्थित विद्रोहीहरूका लागि ठूलो प्रहारको रूपमा लिइएको थियो ।

विद्रोही समर्थक साबा न्यूज एजेन्सीले ती नौ जनालाई यमनको राजधानी सानाको एक चोकमा गोली प्रहार गरी मृत्युदण्ड दिइएको जनाएको छ । उनीहरू हुथी समूहको एक अदालतले हुथी नेता सामदको हत्यामा संलग्न भएको अभियोगमा दोषी ठहर भएका १६ जनामध्ये हुन् ।

हुथी अदालतले साउदी अरबका राजकुमार मोहम्मद बिन सलमान र अमेरिकी पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पसहित अन्य सात जनालाई पनि उनीहरूको अनुपस्थितिमा नै अदालतले मुद्दा चलाएको थियो ।

उनीहरूलाई पनि हुथी अदालतले मृत्युदण्डको सजाय सुनाएको साबा न्यूजले उल्लेख गरेको छ ।

साबा न्यूजले भनेको छ, 'आम अभियोक्ताले समादको हत्यामा संलग्न नौ जनालाई मृत्युदण्ड दिएको छ । उनीहरूलाई वरिष्ठ हुथी नेताहरू र सानाका बासिन्दाहरूको उपस्थितिमा तहरिर चोकमा गोली हानी हत्या गरिएको छ ।'



अप्रिल २०१८ मा यमेनको पश्चिमी प्रान्त होडैडामा भएको हवाई हमलामा समादसहित अन्य छ जनाको मृत्यु भएको थियो । साउदी अरबले उक्त हवाई हमला गरेको पुष्टि गरेको थियो । 'रोयल एयर फोर्सका नायकहरूले हुथी सशस्त्र लडाकूका नेता तथा कमाण्डर सलेह अल-समादलाई लक्षित गरी गरिएको हवाई आक्रमण सही निशाना परेको छ,' संयुक्त राज्य अमेरिकाका लागि साउदी अरबका तत्कालिन राजदूत राजकुमार खालिद बिन सलमानले आक्रमणपछि गरेको ट्वीटमा भनिएको छ ।

सामदले साउदी अरबविरुद्ध क्षेप्यास्त्र हमलाको लहरको धम्की दिएपछि राजकुमार खालेदले आक्रमणको निरीक्षण आफ्ना दाजुसमेत रहेका साउदी राजकुमारले गरेको बताए । हुथी समूहले गरिब देश यमनमा पूर्ण नियन्त्रणका लागि साउदी समर्थित यमनी सरकार र रियादको नेतृत्वमा भएको सैन्य गठबन्धनसँग सन् २०१४ देखि लडिरहेका छ ।

हुथीहरूले यमनी राजधानी सानालाई कब्जा गरेपछि साउदी नेतृत्वको गठबन्धन सेनाले सन् २०१५ देखि यमनी हुथीलाई लक्षित गरी आक्रमण थालेको थियो । त्यसबेलादेखि हजारौं मानिसहरू मारिएका छन् र लाखौं मानिसहरू संयुक्त राष्ट्रसंघले विश्वकै सबैभन्दा खराब मानवीय संकट भनी वर्णन गरेको भोकमरीको सँघारमै पुगेका छन् ।

साउदी नेतृत्वको गठबन्धनले देशमा हस्तक्षेप गरेपश्चात् मारिएका समाद सबैभन्दा वरिष्ठ हुथी नेता थिए । आफ्नो नेताको मृत्युको बदला लिने वाचा गरेका हुथीहरूले नियमित रूपमा साउदी अरबमा ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण गर्ने गरेका छन् । यस वर्षको अगस्त महिनामा तिनीहरूले ड्रोन प्रयोग गरेर सीमापारीको साउदी अरबको भूमिमाथि आक्रमणलाई बढाएको थियो ।

# 'ओकस' सम्झौताप्रति फ्रान्स रुष्ट

**काठमाडौं/एजेन्सी–** अमेरिका, बेलायत र अस्ट्रेलियाबीच भएको सुरक्षा सहकार्यसम्बन्धी सम्झौता ओकसका कारण फ्रान्स रुष्ट बनेको छ ।

फ्रान्सले अमेरिका र अस्ट्रेलियाका आफ्ना राजदूतलाई फिर्ता बोलाएको छ । विचार विमर्शका लागि राजदूतहरुलाई बोलाइएको जनाइएको छ । 'असाधारण गम्भीरता' लाई मध्यनजर गरी 'असाधारण निर्णय' गरिएको र यो उचित रहेको फ्रान्सका विदेशमन्त्रीले बताएका छन् ।

फ्रान्सका विदेशमन्त्री ज्याँ इवरे द्रियाँले जारी गरेको वक्तव्यमा राष्ट्रपति इम्यानुएल म्याक्रोँको आदेशमा राजदूतहरुलाई फिर्ता बोलाइएको हो ।

अमेरिकाले भने राजदूत फिर्ता बोलाउने फ्रान्सको निर्णयको निन्दा गरेको छ। मतभेद हटाउनका लागि फ्रान्ससँग वार्ता गर्ने राष्ट्रपति कार्यालय ह्वाइटहाउसका अधिकारीले बताएका छन् । यस्तै अस्ट्रेलियाले भने फ्रान्ससँगको सम्बन्ध सुधारका लागि प्रयास गर्ने बताएको छ ।

ओकस सम्झौतासँगै अस्ट्रेलियासँग भएको फ्रान्सको ५० बिलियन अस्ट्रेलियन डलर बराबरको ठेक्का धरापमा परेको छ । अस्ट्रेलियन नौसेनाका लागि १२ वटा सबमरिन बनाउनेसम्बन्धी ५० बिलियन अस्ट्रेलियन डलर बराबरको ठेक्का सन् २०१६ मा फ्रान्सले पाएको थियो । तर ओकसअनुसार अस्ट्रेलियालाई सबमरिन बनाउन अमेरिका र बेलायतले सहयोग गर्ने छन् ।



चीनसँग सामना गर्नका लागि अमेरिका, बेलायत र अस्ट्रेलियाले विशेष सुरक्षा सम्झौता ओकसको घोषणा गरेका हुन् । विकसित सुरक्षा प्रविधि एकअर्कामा साझा गर्नका लागि तीन देशले सम्झौता गरेको जनाएका थिए ।

तर सो सम्झौता आफ्नो हितमा नरहेको देखेपछि फ्रान्स रुष्ट बनेको हो । चीनको बढ्दो शक्ति तथा इन्डो-प्यासिफिक क्षेत्रमा उसको बढ्दो सैन्य उपस्थितिलाई लिएर तीन देश चिन्तित छन् र सोही चिन्ताको परिणामस्वरुप सहकार्य सम्झौता भएको हो ।

तर त्यसले लामो समयदेखि सहकर्मी फ्रान्स भने चिढिएको छ । गएको बुधबार अमेरिकी राष्ट्रपति जो बाइडेन, बेलायती प्रधानमन्त्री बोरिस जोन्सन र अस्ट्रेलियन प्रधानमन्त्री स्कट मोरिसनले संयुक्त वक्तव्य जारी गरेर नयाँ सुरक्षा सहकार्यसम्बन्धी सम्झौता ओकस घोषणा गरेका थिए ।

# संयुक्त राष्ट्र प्रमुखद्वारा अफगानिस्तानमा सहयोगको आग्रह

**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेरेसले अफगानिस्तानको समर्थनमा शंघाई सहयोग संगठन (एससीओ) का सदस्यसँग सहयोगको लागि आग्रह गरेका छन् । गुटेरेसले एसजीओ शिखर सम्मेलनमा शुक्रबार ताजिकिस्तानमा आयोजित कार्यक्रमा सन्देश पठाउँदै सो आग्रहगर्नु भएको सिन्ह्वाले जनाएको छ । आफ्नो सम्बोधनको क्रममा, संयुक्त राष्ट्रसंघका महासचिवले अफगानिस्तानमा चिन्ताजनकरूपमा राजनीतिक, आर्थिक, सुरक्षा र मानवीय चुनौती थपिँदै गएकाले थप मानवीय सहयोगको निम्ति अन्तरराष्ट्रिय समुदायलाई आग्रह गरेका हुन् ।

सिन्ह्वाले संयुक्त राष्ट्रसंघ प्रमुखलाई उद्धृत गर्दै भनेको छ, 'संयुक्त राष्ट्रसंघ अफगानिस्तानका जनताका लागि उद्धार गर्न प्रतिबद्ध छ । हामी अफगानी जनताको समर्थन गर्न को लागि तपाइँ सबैसँग काम गर्न को लागि तत्पर छौं । हालको स्थिति छिटो र अप्रत्याशित ढङ्गले विकसित हुँदै गएको छ । तर अफगानी जनता चरम गरिबीको उन्मूलन गर्न, रोजगारीको सुनिश्चितताको लागि, स्वास्थ्य र शिक्षा सेवा पुनःयथावतरूपमा सञ्चालन होस् भन्ने चाहान्छन् ।'


## INVITATION FOR BIDS

Government of Nepal (GoN)

**Vyans Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Sunsera, Darchula**

**Sudurpaschim Province, Nepal**

Date of Publication: 19 Sep-2021 (2078/06/03)

1. Vyans Rural Municipality Office invites electronic bids from nepalease eligible bidders for the Construction works (as mentioned in table below) under National compitive bidding procedures.

| Contract No. | Description of Works | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Minimum Work experience of similar size and nature *Project about Nrs* | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) | Remarks |
|---|---|---|---|---|---|---|
| IFB No. –01-NCB-VRM-2078/079 | Tallo phatangad dekhi rapla bich gaun hudai tinkar sakha sadak | 120 million | 64million | Nrs.2011000/- | 5000/- | Hard copy not acceptable |
| IFB No. –02-NCB-VRM-2078/079 | Construction of ward no. 3 office building | 31 million | 16million | 525000 | 5000/- | Hard copy not acceptable |
| IFB No. –03-NCB-VRM-2078/079 | Construction of ward no. 2 office building | 34 million | 18 million | 569000 | 5000/- | Hard copy not acceptable |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office ofVyans Rural Municipality, Sunsera, Darchula,Email: infovyansrm@gmail.com, Contact No:9868463400 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank : Machhapuchchhre Bank Limited, Sunsera Branch

   Name of Office : Vyans Rural Municipality

   Office Code no. :

   Office Account no.: 1001524760848017 (SanchitKoshKhata)
5. Pre-bid meeting shall be held at Vyans Rural Municipality Office Sunsera, Darchula at 11-oct-2021 (2078/06/25) at 12:00 Noon.
6. Electronic bids must be submitted to the office VyansRural Municipality Office Sunsera, Darchula through PPMO website www.bolpatra.gov.np. on or before 12:00 Noon on 19-oct-2021 (2078/07/02) . Bids received after this deadline will be rejected.
7. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 3:00 PM on 19-oct-2021 (2078/07/02) at the office of Vyans Rural Municipality Office Sunsera, Darchula. Bids must be valid for a period of 120 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum given above table which shall be valid for 30 days beyond the validity period of the bid (i.e13-Feb 2022(2078/11/01)
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Vyans Rural Municipality Office, Sunsera Darchula reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**



## साउदीमा रोजगार | कम्पनी : JUMERIAH TRADING COMPANY LTD

शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०१/१४ चलानी नं.: ६०१५८०७९ LT. No.: 239922 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ice Cream Make By Machine | 50 | 0 | स. काममा दक्ष | 1300 | ४०,६५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता नवदुर्गा पार्टी प्यालेस, सुकेधारा-४, काठमाडौंमा असोज ११, १२ र १३ गते (27, 28 & 29 Sep. 2021) मा हुनेछ । यस कम्पनीको लागि Accountant 1 जना र Documentation 3 जना चाहिएकोले इच्छुक महानुभावहरूले आफ्नो बायो डाटा सहित मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ईजाजत न.: ४०७/०६०/०६१

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**

(Birad Associates Pvt. Ltd.)

Sukedhara-4, Kathmandu, Nepal | Tel : 01-4375822, 01-4375824

Mobile: 9841781155, E-mail: cm.birad@gmail.com



## कतारमा रोजगार | कम्पनी : ABRAJ LUSAIL CLEANING AND HOSPITALITY

शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०६/०१ चलानी नं.: ६०१६३३१६ L.T. No.: 246003

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १० गते (26 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**INTERNATIONAL JOB LINK PVT. LTD.**

Govt. Lic. No.: 700/063/064

Bhimsengola-9 old Baneshor, Kathmandu, Tel: 4585541, P.O. Box: 11412, Mob.: 9880983224

Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np



## साउदीमा रोजगार | १. कम्पनी: Samaa Al Riyadh company for maintenance and cleaning

शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०६/०१ चलानी नं.: ६०१६३२७२ L.T. No.:246053

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CAR DRIVER PUBLIC | 50 | 0 | स. काममा दक्ष | 1500 | ४६,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: Samaa Al Riyadah maintenance and cleaning Company, City: Al Qassim

पूर्व स्वीकृत मितिः २०७८/०६/०१ चलानी नं.: ६०१६३२७३ L.T. No.: 246042

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Small car driver | 50 | 0 | स. काममा दक्ष | 1500 | ४६,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १० गते (26 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Yatra H.R. Solution Pvt. Ltd.**

Gov. Lic No. 1096/073/074

Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683

E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com

# बक्स अफिस समाचार

# ‘प्रतिभालाई जोगाउनुपर्छ भन्ने मेरो सिद्धान्त हो’



**अर्जुन पोखरेल**, संगीतकार

संगीतकार अर्जुन पोखरेल नेपाली फिल्म संगीत र सुगम संगीतका सर्वाधिक सफल संगीतकार हुन् । उनले संगीत भरेका फिल्मका गीतदेखि लिएर सुगम संगीतका सबै गीत हिट छन् । २०६१ सालबाट फिल्म संगीतमा पाइला चालेका उनले त्यसयता पछाडि फर्केर हेर्नुपरेका छैन । उनी संगीतका शिक्षक पनि हुन् । उनै अर्जुनसँग संगीतका विषयमा मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठले गरेको कुराकानीको सम्पादित अंश :

**संगीत क्षेत्रमा प्रवेश गर्दा संगीतको वातावरण कस्तो थियो ?**

त्यो समयमा अहिले जस्तो डिजिटल प्लेटफर्म नभई फिजिकल्ली प्लेटफर्म थियो । बजारको हिसाबले फिजिकल मार्केटमा बेचिन्थ्यो । त्यो बेला रेडियो नेपालमात्र थियो । टेलिभिजन भर्खरै आउदै थियो । रेडियो नेपालमा जतिले सुन्छन्, लगभग त्यति मै सीमित संगीत थियो । क्यासेट किन्न सक्ने हैसियत भएकाको हातमा केहीहदसम्म संगीत थियो ।

**मोफसलबाट आउने संगीतकर्मीलाई काठमाडौंले कसरी हेर्थ्यो ?**

अहिलेको पुस्ताले आफूमा भएको प्रतिभा इन्टरनेट, फेसबुक, युट्युबमा देखाउन सक्छन् । उसबेला कसैलाई भेट्नुपर्यो भने लामो समय पछ्याउनुपर्थ्यो । टेलिफोन र मोबाइल सर्वसुलभ उपलब्ध थिएनन् । स्रष्टाको अफिस खोज्नुको विकल्प थिएन । भेट भएको अवस्थामा उनीहरुले तुरुन्तै हाम्रो प्रतिभा हेर्दैन थिए । स्थापित मान्छे व्यस्त थिए । अहिले घरमा बसेर मोबाइल चलाइरहँदा नयाँ प्रतिभा हेर्न पाइन्छ । अहिलेको जस्तो पहुँच नभएकाले त्यो बेला सकस थियो ।

**तपाईंले जन्माएका नवगायकगायिका राष्ट्रियदेखि अन्तर्राष्ट्रियस्तरसम्म लोकप्रिय छन् । यो प्रगतिलाई कसरी हेर्नुभएको छ ?**

आफूले सिर्जना गरिरहँदा र काम गरिरहँदा नयाँ मान्छेलाई ल्याएर उसलाई बजारमा स्थापित गर्न सकियो भने उनीहरुको जीवन धानिन्छ । मैले गीतसंगीत सिर्जनासँगै नयाँ प्रतिभालाई अवसर पनि दिएको छु । उनीहरुबाट संगीतले टेवा पाएको छ । यो मेरो नेपाली संगीतमा दिएको महत्वपूर्ण योगदान पनि हो ।

**तपाईंले संगीत गर्नुभएको फिल्मका गीत हिट भएसँगै संगीत बजारको मुहार नै फेरिएको छ । कतिको गर्व लाग्छ ?**

धेरै पहिले नेपाली फिल्ममा रोमान्टिक गीतभन्दा मानिसहरु डान्सिङ नम्बर बुझ्थे । किनभने ९० को दशकमा हिन्दी गीतहरु र नेपाली गीतहरु करिब-करिब एकै किसिमका थिए । मैले संगीत गरेको फिल्म ‘स्टुपिड मन’का फरक किसिमका रोमान्टिक गीतहरु बजारमा आएपछि अन्यले पनि यस्तै फरक किसिमका गीत पछ्याउन थाले । ‘तिमी रोएको पल’, ‘म यस्तो गीत गाउँछु’ जुन किसिमबाट आए, अहिले अन्य संगीतकारहरुले यस्तै किसिमको गीत सिर्जना ट्रेण्डलाई लिएर अगाडि बढेका छन् ।

**तपाईंले संगीत गरेका फिल्मका निर्देशकहरू स्थापित भएका छन् । यसले तपाईंलाई अझ लोकप्रिय बनाएको हो ?**

पक्कै हो । किनकी फिल्मको सुन्दरताको निर्धारण गीतले गर्दछ । गीत फिल्मको जीवन हो । फिल्म रिलिज हुनुअघि गीत हिट भएपछि दर्शकहरु फिल्म हेर्न हल पुग्छन् । धेरै निर्माता र निर्देशकहरु मप्रति खुशी छन् । किनकी मलाई उनीहरुले दिएको जिम्मेवारी र विश्वासलाई मैले धोका दिएको छैन । मैले संगीत भरेको फिल्मको गीतकै कारण फिल्मले आधाभन्दा बढी लगानी पनि उठाएको छ । फिल्म ‘दिलमाया’को ‘सुन्छौ तिमीले मलाई भुल्न आँटेकी छौ रे’ गीतले फिल्मको लगानी नै उठाइदिएको छ । सायदै त यो कमै फिल्ममा मात्र हुन्छ ।

**तपाईंले संगीत गरेका गीतका भिडियोहरू राम्रो छन् । निर्देशकको कामप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

निर्देशन आफैंमा जोखिमपूर्ण पाटो हो । गीतको धुन भर्दा एउटा कन्सेप्ट बनाइएको हुन्छ । त्यसलाई भिजुअल रुपमा उतार्न त्यो भन्दा बढी मेहनत निर्देशकको हुन्छ । किनभने गीतले बोलेका कुरा ढंगमा देखाउनुपर्छ । शब्दमा बोल्न नसकेका भाषाहरु भिडियोमा बोल्नुपर्छ । त्यो हिसाबले अहिलेसम्म बजारमा आएका मेरा गीतका भिडियोबाट म सन्तुष्ट छु ।

**आफ्ना सिर्जना सामाजिक सञ्जालमा रूचाइएको देख्दा हर्ष लाग्छ होला नि ?**

टिकटक, युट्युब हेरिरहँदा मेरा सिर्जनाले लोकप्रियता पाएको देख्दा हर्ष नै लाग्छ । सबै वर्गका दर्शकलाई मनपर्ने खालको गीत बनाइरहेको हिसाबले खुशी लाग्छ । किनकी मैले संगीत भरेका गीतले जीवनशैलीलाई जोड्ने गरेको छ ।

**तपाईंका संगीतमा बढी मौलिकता भेटिने कारण के हो ?**

आफूसँग भएका बाजा र आफूसँग भएका शब्दको मिश्रण गरेर नयाँ कुरा दिन चाहन्छु । मादल, बाँसुरी, सारंगी जस्ता मौलिक वाद्यवादनको प्रयोगमा केही फरकपन ल्याइरहेको हुन्छु । किनकी म आफूले बुझेको र पढेको विषय यही हो । यो मौकिलपनलाई देश बाहिर पनि पुर्याउनुपर्छ भन्ने हिसाबले र संस्कृतिलाई गीत र संगीतको माध्यमबाट विश्वव्यापी रुपमा पुर्याउनुपर्छ भन्ने मेरो बुझाइ हो ।

**तपाईंलाई महंगो संगीतकार भन्छन् नि ?**

हो, म महंगो पारिश्रमिक लिन्छु । पारिश्रमिक लिए अनुसार राम्रो काम पनि गर्छु । म महंगो हुनुको कारण मैले दिएको कामको आउटपुट हो । पारिश्रमिक महंगो लिए पनि कामको गुणस्तर निश्चित रुपमा दिन्छु ।

**पुराना र नयाँपुस्ताका स्रष्टामा कुन पुस्ता सहज छन् ?**

पुरानो पुस्तासँग आफ्नै संस्कार थियो । त्यो समयमा संगीत पढेर र बुझेर आउने धेरै थिए । पुराना पुस्ताको ८० प्रतिशत मान्छेहरुमा संगीतमा लाग्न संगीत पढ्नुपर्छ भन्ने मानसिकता थियो । अहिलेको पुस्तामा सामान्य अभ्यासमै गीत चलेकोले आफूलाई व्यस्त भएको र पैसा कमाउन थालेको ठान्छन् ।

**यसको केही उदाहरण छन् ?**

मुम्बईमा गायक उदित नारायण झाको अगाडि नेपालबाट ४ वटा गीत लिएर पुग्दा ‘मलाई सिकाउने ठाउँ’ भनेका छन् । उनले ‘तपाईं म भन्दा उमेरले सानो हुनुहोला । तर अहिले तपाईं मेरो गुरु हो । तपाईंले आनन्द किसिमले सिकाउनुभयो भने मलाई गीत गाउन सजिलो हुन्छ’ भन्थे । उनले चारवटा गीतमा एउटा गीत गाए । बाँकी गीत आराम गरेर गाउने बताए । उनमा गीत राम्रो हुनुपर्छ भन्ने मान्यता छ । गीत गाउन हतार नभएकै कारण उनले लामो समयको अभ्यास पछि गीत रेकर्ड गर्थे । अहिलेको पुस्ताले यो कुरा सिक्नुपर्छ ।

**भारतका कुन कुन गायकगायिकासँग सहकार्य गर्नुभएको छ ?**

मैले ‘मुन्नी बद्नाम हुइ’ की गायिका ममता शर्मा, अभिजित भट्टाचार्य, उदितनारायण झा, साधना सरगम, सञ्जिवनी, दीपानारायण झासँग सहकार्य गरेको छु । जो विश्वव्यापी रुपमै चर्चित छन् ।

**तपाईं नयाँ प्रतिभा खोज्न खप्पिस हुनुहुन्छ । यो काम कत्तिको चुनौतिपूर्ण छ ?**

एउटा गीत बनाउन झण्डै पाँच लाख रुपैंयाँ लाग्छ । त्यो प्रतिभा चलेन भने पैसा डुब्छ । त्यही ठाउँमा धेरै चलेका मान्छेलाई राखिदियो लगानी फर्किने सम्भावना हुन्छ । कतिपयलाई आर्थिक पाटोलाई नहेरिकन पनि लगानी गरिरहेको छु । पाँच लाखको रिस्क लिएर कसैको भविष्य बन्छ भने त्यो रिस्क लिन म तयार छु ।

**आफ्नो स्टुडियोको आवश्यकता किन पर्यो ?**

मलाई कहिलेकाँही बिहानको एक बजेसम्म काम गर्ने मन हुन्छ । आफ्नो स्टुडियोमा आउटपुटको हिसाबले पनि राम्रो दिनसक्छु । म सहज रुपले काम गर्नसक्छु । जसले गर्दा मेरो सिर्जना अझ राम्रो बन्छ ।

**अहिलेका गीतकारहरूले तपाईंले समय दिनुभएन भन्ने गुनासो गर्छन् नि ?**

मलाई सबैं गीतकार र गायकगायिकासँग काम गर्न मन छ । राम्रो सिर्जना बन्छ भन्ने लामो समय किन नलिने भन्ने हो । मसँग कोही काम गर्न लालयित छन् भने उनीहरुलाई राम्रो र गुणस्तरीय किसिमको आउटपुट दिनुपर्छ । राम्रो गीत बनाउन मलाई समय लाग्छ । गीत चल्दैन भन्ने लाग्छ भने त्यो गीतमा पैसा किन डुबाउने ?

**आफूलाई मनपरेका आफ्ना गीत ?**

‘तिमी रोएको पल’, ‘म यस्तो गीत गाउछु जुन प्रेम गीत बनोस्’, ‘सुन्छु तिमीले मलाई भुल्न आँटेकी छौ रे’, ‘ए झुमा झुम्कावाली’, ‘भन्छु आज मनका कुरा’, ‘रहर छ सँगै हुने तिमीसँग’, ‘नबोली नबोली’, ‘तिम्रो घरको वरीपरी’लगायत छन् ।

**तपाईंले अहिलेसम्म पाउनुभएको अवार्ड र सम्मान ?**

नेपालमा भएका संगीत सम्बन्धी करिब ८० प्रतिशत प्रतिष्ठित अवार्ड र सम्मान पाएको छु । जसमा हिट्स एफएम, इमेज एफएम, रेडियो कान्तिपुर अवार्ड, कालिका एफएम, नेफ्टा अवार्ड, इनास अवार्ड, एलजी सिने अवार्ड, म्यूजिक खबर अवार्ड, डि सिने अवार्ड, कामना अवार्डलगायतका अवार्ड पाएको छु ।

**संगीतमा लाग्ने युवापुस्ता तपाईंलाई आइडल मान्छन् । तपाईंसँग काम गर्न चाहन्छन् । वास्तविकता के हो ?**

मसँग कोही काम गर्न चाहन्छ भने त्यो मेरो सफलता हो र मप्रतिको विश्वास हो । राम्रो सिर्जना छ भने भेटेर अथवा कुरा गरेर सहकार्य गर्छु । उनीहरु त्यो बेला निकै खुशी भएको देखेको छु ।


**सुगम पोखरेल, अञ्जु पन्तदेखि प्रविण बेडवाल, समीक्षा अधिकारीजस्ता गायकगायिका तपाईंको संगीतमा स्थापित छन् । यसको श्रेय तपाईंलाई जान्छ नि हैन ?**

कसैको जीवनमा उतारचढाव छ र उनीहरुलाई सहयोग गर्न सकियो भने उनीहरुको करियर माथि पुग्छ भन्ने उदाहरण गायक सुगम पोखरेल र गायिका अञ्जु पन्तबाट लिन सकिन्छ । प्रतिभालाई जोगाउनुपर्छ भन्ने मेरो सिद्धान्त हो । त्यहीकारण मैले त्यो जोखिम लिएँ । फिल्म ‘प्रेम गीत’को गीत ‘म यस्तो गीत गाउँछु’ हिट भएपछि सुगम र अञ्जुको जोडी जम्छ है भन्ने आफैंमा उदाहरण बने । प्रविणको हकमा पनि उनी कभरमै सीमित थिए । तर ‘नबोली नबोली’ले उनलाई संगीतमा स्थापित गरायो । वियोगान्त किसिमका गीत गाइरहने गायक प्रमोद खरेलले मेरो संगीतमा ‘ओए झुम्कावाली’ गाएपछि उनको यो डान्सिङ बिटको गीतलाई दर्शकले धेरै मनपराएका छन् ।

**भावी योजना ?**

अझ राम्रो गीत कसरी बनाउने भन्नेमा मेरो चिन्तन रहन्छ । राम्रो प्रतिभालाई स्थापित गराउने भन्ने नै हो । जीवनको दुई दशक संगीतमै बिताइसकें । मेरो बाँकी जीवन संगीतमै हुन्छ । अझ राम्रा सिर्जनालाई ल्याउने सोच हो ।






**Saudi मा रोजगार** | **Soil Trading Corporation**

पुर्व स्वीकृती मितिः २०७८/०५/३१ चलानी नं.: ६०१६३२३३ LT# 245683

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्युनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Packaging And Wrapping Worker | 02 | काममा दक्ष | 1000 | ३१,३४६।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | निः शुल्क । |

अन्तरवार्ता २०७८ असोज १० गते (26 Sept. 2021) यस प्रा. लि. को कार्यलय मिनभवनमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत न.: ११५/०५५/०५६

**गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.**

मिनभवन, काठमाण्डौं, फोन.: ०१-४४९५७४९

**Free Visa ! Free Ticket !! सहित UAE मा रोजगारको अवसर**

कम्पनीः EFS FACILITIES MANAGEMENT SERVICES LLC शहरः DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०४/२६ चलानी नं.: ६०१६१२९१ L.T. No.: 243810 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 46 | स. काममा दक्ष | 900 | २८,७३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र पठाई १० कक्षा पास गरेको हुनुपर्नेछ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ९ गते (25 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

नोटः यस प्रा.लि.ले जाने उमेद्धवारसगँ मात्र प्रकृया अगाडी बढाउछ । त्यसैले कुनै व्यक्ति वा कार्यालयलाई कुनै किसिमको शुल्क नबुझाउनु होला । माथि उल्लेखित विल सुरक्षित राख्नुहोला साथै कम्पनी पुगेपछी विल अनुसारको भुक्तानी दिइनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt. Lic No.: 203/057/058

**KALINCHWOK MANPOWER PVT. LTD.**

G.P.O. Box: 12447, Dhumbarahi Marg, Kathmandu | Fax: 4419361
Tel: 01-4419397, 4445106, 4424753 | Mob.: 9818565246
E-mail: info@kmanpower.com | Web.: www.kmanpower.com

यस प्रा.लि.को कुनै एजेण्ट वा शाखा केहि छैन । विदेश जाने कामदारहरुलाई कुनै रकम नलिने प्रा.लि. हो त्यसैले यस प्रा.लि.ले कुनै रकम लिदैन । तसर्थ No Process fee, No Salary Deduction, No Cash Deposite भन्नुको मतलब कुनै शुल्क लाग्ने छैन । त्यसैले गैह्र कानूनी असुली उपर सावधान रहनुहोस । कुनै व्यक्ति वा संस्थाले यस प्रा.लि.को तर्फबाट कुनै Fee लिने गरि काम गरेको जानकारी पाउनु भएमा यस प्रा.लि.लाई जानकारी दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

# फिलिपिन्ससँग नेपाल पराजित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ असोज

नेपालले एएफसी वुमेन्स एसियाकप छनोटमा पराजयका साथ प्रतियोगिताको शुरुआत गरेको छ । उज्वेकिस्तानमा भएको पहिलो खेलमा नेपाल फिलिपिन्ससँग २-१ गोल अन्तरले पराजित भएको हो । पहिलो हाफको शुरुमै अग्रता लिएको नेपालले अन्तिमसमयमा लय गुमाउँदा पराजय भोग्न बाध्य भयो । १० औं मिनेटमा बिमला चौधरीले गोल गर्दै नेपाललाई अग्रता दिलाइन् । विमलाले नेपालका लागि पहिलो गोल पनि गरिन् ।

खेलको अन्त्यतिर फिलिपिन्सले दुई गोल गरेको हो । फिलिपिन्सले ९० औं मिनेटमा बराबरी गोल गरेपछि इन्ज्युरी समयमा विजयी गोल थपेको थियो । ९० औं मिनेटमा थानी एनियसले गोल गर्दै फिलिपिन्सलाई खेलमा फर्काएकी थिइन् । अतिरिक्त समयको दोस्रो मिनेटमा क्यामिली विल्सनले गोल गरेपछि नेपाल जित नजिक पुगेर पनि फिलिपिन्ससँग पराजय भोग्न बाध्य बन्यो ।



अहिलेसम्म नेपाल र फिलिपिन्सबीच दुई खेल भएकोमा दुवैमा नेपाल पराजित भएको छ । यसअघि सन् १९९९ मा नेपालले एएफसी वुमेन्स च्याम्पियन्सिपमा फिलिपिन्सको सामना गरेको थियो र त्यसमा नेपाल ५-० ले पराजित रहेको थियो । नेपालले अब मंगलबार हङकङसँग खेल्ने छ । समूह एफ अन्तर्गत नेपाल, फिलिपिन्स र हङकङबीचको खेलबाट शीर्ष स्थानमा रहने टिमले अर्को वर्ष भारतमा हुने एसियाकप खेल्न पाउने छ ।

# राष्ट्रिय लिग फुटसल शुरु

**पोखरा, मस–** ए डिभिजन राष्ट्रिय फुटसल लिगमा द राईजिङ क्लब धरान र स्पोर्टस क्यास्टल पोखराले विजयी शुरुआत गरेका छन् । पोखराको बहुउद्देश्यिक कभर्डहलमा शनिबार भएको उद्घाटन खेलमा राईजिङ क्लब धरानले मच्छिन्द्र स्काई गोललाई ५-४ गोल अन्तरले पराजित गरेको हो । मच्छिन्द्रका तर्फबाट श्रीकृष्ण श्रेष्ठले ह्याट्रिक गरे पनि हार भने टार्न सकेनन् ।

पहिलो पटक म्याटमा खेलेका कारण खेलाडीहरु अलमल्ल परेका थिए । प्रतिस्पर्धात्मक बनेको खेलमा मच्छिन्द्रले शुरुआती अग्रता लिए पनि जोगाउन भने असफल रह्यो । श्रीकृष्ण श्रेष्ठले १३ औं मिनेटमा गोल गर्दै मच्छिन्द्रलाई अग्रता दिलाएका थिए । सोही गोलको अग्रता उसले पहिलो हाफमा कायम राखेको थियो । तर दोस्रो हाफको शुरुमै ३ गोल गर्दै राईजिङले ३-१ को अग्रता दिलाए ।



२१ औं मिनेटमा दोर्जे तामाङले गोल गर्दै राईजिङलाई एक एक गोलको बराबरीमा ल्याएका थिए । त्यसपछि राईजिङ क्लबले २२ औं मिनेटमा लगातार दुई गोल गर्दै उल्टै अग्रता ३-१ बनायो । २२ औं मिनेटमा मिलन लिम्बु र सुदीप गुरुङले एक एक गोल थप्दै राईजिङलाई ३-१ ले अघि बढाए । २५ औं मिनेटमा रिओस मास्केले गोल गर्दै राईजिङलाई जित तर्फ अग्रसर बनाएका थिए । तर २६ औं मिनेटमा आशिष सुनमले गोल फर्काउँदै मच्छिन्द्रलाई खेलमा फर्काउने प्रयास गरे ।

३० औं मिनेटमा श्रीकृष्ण श्रेष्ठले गोल गरेपछि मच्छिन्द्रले खेल ४-३ को अवस्थामा आएको थियो । ३२ औं मिनेटमा मास्केले व्यक्तिगत दोस्रो तथा टिमका लागि पाँचौं गोल गरेपछि राईजिङ ५-३ ले अघि बढ्यो । ३५ औं मिनेटमा मच्छिन्द्रका लागि गोल गर्दै व्यक्तिगतरुपमा ह्याट्रिक पुरा गरे भने टिमका लागि चौथो गोल गरेका थिए । त्यसपछि थप गोलव नभएपछि राइजिङ क्लब ५-४ गोल अन्तरले पराजित भयो ।

शनिबार नै भएको दोस्रो खेलमा स्पोर्टस क्यास्टल पोखराले प्रभातफेरी युवा क्लबलाई ७-० गोलको फराकिलो अन्तरले पराजित गरेको छ । पोखराका लागि सुमित श्रेष्ठ र खिमराज गुरुङले दुई दुई गोल गर्दा विजय गुरुङ, दीपेश घले र किशोर गुरुङले एक एक गोल थपेका थिए । पहिलो हाफमा ३ गोल गरेको पोखराले दोस्रो हाफमा ४ गोल थपेको थियो । तेस्रो मिनेटमा सुमित गुरुङको गोलबाट अग्रता लिएको पोखरालाई छैटौं मिनेटमा खिमराज गुरुङले अग्रता दोब्बर बनाएका थिए । सातौं मिनेटमा विजय गुरुङले गोल गरेपछि शुरुमै पोखरा ३-० ले अघि बढेको थियो । दोस्रो हाफमा पनि पोखराले उत्कृष्ट खेल प्रदर्शन गर्दै ४ गोल थपेको थियो । २१ औं मिनेटमा खिमराज गुरुङले व्यक्तिगत गोल संख्या २ बनाउँदा टिम भने ४-० ले अघि रह्यो । यसैगरी २४ औं मिनेटमा सुमित श्रेष्ठले पनि व्यक्तिगत गोल संख्या २ बनाएका थिए । ५-० ले अघि रहेको पोखराका लागि २५ औं मिनेटमा दीपेश घलेले टिमका लागि छैटौं गोल गरेका थिए । ३४ औं मिनेटमा किशोर गुरुङले गोल थपेपछि पोखरा ७-० गोलको फराकिलो जित दर्ता गर्न सफल भयो ।

# अनु र रशिला दोस्रो चरणमा

**काठमाडौं, मस–** विभागीय त्रिभुवन आर्मी क्लबकी अनु माया राई र रशिला महर्जन प्रथम रिभाईभ लिजर पार्क खुल्ला राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिप अन्तरगगत महिला एकलको दोस्रो चरणमा प्रवेश गरेका छन् ।

ललितपुर महालक्ष्मीस्थानस्थित रिभाईव लिजर पार्कको कोर्टमा शनिबार भएको महिला एकलको पहिलो चरणमा आर्मीकी अनुमायाँ राईले नेपाल एपिएफ क्लबकी शोर्भा गौचनमाथि २१-१७ र २१-११ ले पराजित गरिन् । आर्मीकी रशिला महर्जनले नखिपोट युथ क्लबकी नविना राईमाथि २१-२ र २१-६ को एकपक्षीय जित निकालिन् ।



यस्तै एपिएफकी सुनैना मुखियाले आर्मीकी प्रेक्षा राईलाई २१-७ र २१-१५ ले पराजित गर्दै अघिल्लो चरणमा स्थान बनाइन् । एपिएफकी जेशिका गुरुङले आर्मीकी प्राथना देउवामाथि २१-९ र २१-१५ को सहज जित निकालिन् । यस्तै फिलिट नेपालकी सीमा राजवंशीले हरिसिद्धि क्लबकी सुनेना महर्जनलाई २१-५ र २१-२ को सोझो सेटमा हराईन् । यस्तै नेपाल पुलिस क्लबकी नीता लम्सालले बीबीसीकी प्रतिष्ठा अर्याललाई २१-१० र २१-७ ले तथा आर्मीकी रोज पाण्डेले जेस्ट ब्याडमिन्टन एकेडेमीकी तारा आलेमगरलाई २१-५ र २१-१० ले हराइन् । पुरुष डबल्सतर्फ शनिबार राउन्ड अफ ६४ को खेल सम्पन्न भएका छन् । आइतबार पुरुष एकतर्फको राउन्ड अफ ३२ को सबै १६ खेलमा प्रतिस्पर्धा हुदैछ । पुरुष युगल र ४० वर्षमाथिको भेट्रान्समा राउन्ड अफ ३२ को सबै १६ खेलको प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । च्याम्पियनसिपमा पुरुष एकल, महिला एकल, शीर्ष २० देखि बाहेकका पुरुष युगल र ४० बर्ष माथिको भेट्रान्स युगल गरि ४ विधामा खुल्ला प्रतिस्पर्धा हुने छ । करिव १७ लाख अनुमानित बजेट रहेको च्याम्पियनसिपमा विजयी खेलाडी तथा टिमलाई नगद पुरस्कार सहित ट्रफी, मेडल र प्रमाण पत्र प्रदान गरिने छ । पुरुष एकल र महिला एकलका विजयी शिर्ष तीनले नगद ५० हजार, २५ हजार र १० हजार प्राप्त गर्ने छन् । यस्तै पुरुष युगल तर्फ शीर्ष तीन स्थान प्राप्त जोडीले नगद ५० हजार, २५ हजार र १० हजार तथा ४५ बर्ष माथीको भेटरान्स युगल तर्फ शिर्ष तीन जोडीले नगद २५ हजार, १५ हजार र ५ हजार प्राप्त गर्नेछन् ।

# स्नुकर टोलीलाई स्वागत

**काठमाडौं, मस–** नेपाल स्नुकर, बिलियर्ड तथा पुल संघले ३६ औं एसियाली पुरुष स्नुकर च्याम्पियनसिपमा सहभागी भइ स्वदेश फर्किएको नेपाली टोलीको शनिबार स्वगात गऱ्यो ।

सेप्टेम्बर १२ देखि १६ तारिखसम्म भएको प्रतियोगितामा २ खेलाडीसहित ३ सदस्यीय नेपाली टोली सहभागी थिए । उनीहरुलाई संघका अध्यक्ष चारपटकका स्नुकरका राष्ट्रिय च्याम्पियन सरोजकुमार मुल्मी, महासचिव केशव अधिकारी, खेलाडीलगायतले त्रिभूवन अन्तरर्ाष्ट्रिय विमानस्थलमा स्वागत गरे ।

अंकितमान श्रेष्ठले प्रिक्वाटरफाइनलसम्मको यात्रा तय गरे । लिगमा अंकितले ४ खेल मध्ये ३ मा जित हात पार्दै अन्तिम ३२ का लागि छनोट भएका थिए । उनले लिगमा कतारलाई ४-३, युएईलाई ४-२ र इराकलाई ४-३ ले पराजित गरेका थिए । भारत विरुद्धको खेलमा भने अंकित ४-० ले पछि परे । अन्तिम ३२ को प्रतिस्पर्धामा अंकितले कतारलाई ४-३ ले हराउदै प्रिक्वाटरफाइनलमा स्थान सुरक्षित गरेका थिए । प्रिक्वाटरफाइनलमा भने अंकित इरानसंग ४-० ले रोकिए ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/०६/०३

यस कम्पनीको मिति २०७८/०५/२२ को एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनी **फेडरल मिजन इन्भेष्टमेण्ट एण्ड रियल स्टेट कम्पनी प्रा.लि. (प्रा.लि. नं. १९६२९१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/३० को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सुनगाभा डेभलपर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**कम्पनीको नाम, ठेगाना र लोगो परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७८/०६/०३**

नेपाल सरकार उद्योग, वाणिज्य तथा आप्रर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय नियम अनुसार साविकको **ड्रिफ्ट इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि., (बनेपा)** को नाम र ठेगाना परिवर्तन गरि **ड्रिफ्ट इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि., (कामनपा–३२)** भएको साथै कम्पनीको लोगो समेत परिवर्तन भएको यहाँहरुमा जानकारी गराउदछौं ।

**ड्रिफ्ट इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.**
का.म.न.पा–३२, पेप्सीकोला



**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**जलश्रोत तथा सिंचाई विकास डिभिजन, संखुवासभा**
**प्रदेश नं. १, नेपाल**

**भुल सुधार**

मिति २०७८/०६/०१ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा यस जलश्रोत तथा सिंचाई विकास डिभिजन, संखुवासभा, विषय सवारी साधन खरिद सम्बन्धि सूचनाको विज्ञापनमा प्रकाशित मिति २०७८/०६/०१ हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

कार्यालय प्रमुख



**बडिमालिका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मार्तडी, बाजुरा**
**सुदरपश्चिम प्रदेश**

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८/०६/०३**

| | |
|---|---|
| **प्रस्तावको व्यहोरा** | बाउली अनाई खोलाको किनाराबाट हरडेसम्म ढुंगा गिट्टी, बालुवा तथा रोडाको उत्खनन् कार्य |
| **प्रभाव पार्ने जिल्ला/नगरपालिका** | बाजुरा जिल्ला<br>बडिमालिका नगरपालिका वडा नं. २,४,५,८ र ९ |
| **परामर्शदाताको नाम र ठेगाना** | यस.आइ.बिल्डर्स एण्ड कन्सल्टेन्ट प्रा.लि. बाजुरा<br>फोन नं. ९८४५८५५४०९<br>इमेल : khadakrokaya2054@gmail.com |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका, वडा तथा त्यस क्षेत्रको विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**
बडिमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाज्रा
फोन नं. ०९७-५४१२६८
ईमेलः badimalikamunicipality@gmail.com



**कतारमा रोजगार** | कम्पनी : **AL HADEEL SUPPORTING SERVICES**
शहरः **DOHA**

पूर्व स्वीकृत मितिः २०७८/०६/०१ | चलानी नं.: ६०१६३३११ | LT. No.:246021

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १० गते (26 September 2021) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

INTERNATIONAL HR SOLUTION PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110850
Email: internationalhr1084@gmail.com, Web.: www.internationalhr.com.np
श्रम ई. पत्र नं. १०८४/०७३/०७४



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७८/०६/०३**

यस **मेड्रिक फर्मास्यूटिका प्रा.लि.**को नाम परिवर्तन गरी **कि फर्मास्युटिकल्स प्रा.लि.**बनाउने र **मेड्रिक फर्मास्यूटिका प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनी **(कि फर्मास्युटिकल्स प्रा.लि.)**ले सकार्ने व्यहोर्ने निर्णय गरी स्वीकृतिका लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरिएकोमा कम्पनी रजिष्ट्रारको कार्यालयले मिति २०७८/०५/२७ गते कम्पनीको नाम **कि फर्मास्युटिकल्स प्रा.लि.**बनाउने स्विकृती दिएकोले यस कम्पनीको नाम परिवर्तन भई कि फर्मास्युटिकल्स प्रा.लि.कायम भएको व्यहोरा जानकारी गराईन्छ ।



**प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रमको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८/०६/०३**

**प्रस्तावक**:-सडक विभाग, योजना अनुगमन तथा मूल्यांकन शाखा चाकुपाट, ललितपुर

**प्रस्तावित सडकको नाम**:– गुल्मी-शान्तिपुर-पूर्तिघाट-रानीपानी-कुश्मा-दुर्लुङ्ग-बाजुङ-घोडेपानी(८कि.मी.)

**प्रभाव पर्ने क्षेत्र**:-कुश्मा नगरपालिका वडा नं. २ र ३ पर्वत
मोदी गाउँपालिका वडा नं. ४ र ५ पर्वत

वातावरण संरक्षण नियमावली, २०७७ को नियम को उपनियम १ अनुसार वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई आयोजना गरी राय सुझाव लिनुपर्ने व्यवस्था गरेको छ । सो बमोजिम निम्न लिखित स्थान, मिति र समयमा माथि उल्लेखित प्रस्तावित सडकको प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले सम्बन्धित सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अतः उक्त सुनुवाई कार्यक्रममा उपस्थित भई वातावरणीय प्रतिवेदन सम्बन्धी छलफलमा यस सडकको निर्माणबाट पर्न सक्ने प्रभावको बारेमा राय/सुझावहरु दिनुहुन अनुरोध गर्दछौं ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समयः**
मितिः–२०७८/०६/०५
स्थानः– श्री कृष्ण आधारभूत विद्यालय वडा नं. ५, बजुङ्ग, पर्वत
समयः– दिउसो १:०० बजे



**UAE मा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी : **TAMAYAZ EMPLOYMENT SERVICES LLC** | शहरः UAE,ABU DHABI
पूर्व स्वीकृत मितिः २०७६/१२/०९ | चलानी नं.: ६०१५३७६४ | LT. No.: 235098 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 75 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Carpenter | 75 | 0 | | 1200 | ३८,३२८ | | | | | | | |
| 3. | Stone Mason | 75 | 0 | | 1200 | ३८,३२८ | | | | | | | |
| 4. | Carpenter Assistant | 50 | 0 | | 1000 | ३२,२२० | | | | | | | |
| 5. | Reinforcing Fitter Assistant | 50 | 0 | | 1000 | ३२,२२० | | | | | | | |
| 6. | Scaffolder | 75 | 0 | | 1200 | ३८,३२८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १० गते (26 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**मित्र ओभरसिज सर्भिस प्रा. लि.**
सिनामंगल-९, काठमाडौं, फोनः ०१-४११०६८८
Email: nknabin@gmail.com, mitraoverseas@yahoo.com
श्रम इजाजत नं. २९७/०५८/०५९



**गरुडा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गरुडा, रौतहट प्रदेश नं. २, नेपाल**

**छैठौं नगर सभा बैठकमा उपस्थित हुने बारे ।**

**प्रकाशित मितिः२०७८/०६/०३**

यस गरुडा नगरपालिका नगर कार्यपालिकाको मिति २०७८/०६/०२ गतेको बैठकको निर्णय बमोजिम आ.व. २०७८/०७९ को छैठौं नगर सभा बैठक निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सो बैठकमा अनिवार्य रुपले उपस्थित भई दिनु हुन नगर प्रमुख ज्यूको आदेशानुसार अनुरोध छ ।

**तपशिलः**
मिति : २०७८/०६/१७ गते आइतबार
समय : दिनको ११ बजे
स्थान : गरुडा न.पा.को सभा हल

**प्रमुख प्रशासकीय अधिकृत**

यो विमानस्थल जतिबेला बन्यो त्यतिबेला दक्षिण एशियाको पहिलो नम्बरमा थियो । पुरस्कार पनि पाएको थियो भन्ने सुनिन्छ । तर समयअनुसार हामीले यहाँ विकास गर्दै गरेनौं । अन्य देशले समयअनुसार काम गर्दै गए तर, हामीले संरचागत रुपमा केहि गरेनौं र पछाडि पर्‍यौं ।

# ‘संस्कृति र परम्परा झल्किने ‘बुटिक’ बन्दैछ अन्तर्राष्ट्रिय विमानस्थल’


तस्बिर : प्रेम पाण्डे

कुनै बेला दक्षिण एशियाकै उत्कृष्ट विमानस्थलको रुपमा चिनिएको नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले फेरी एकपटक काचुली फेर्दैछ । विमानस्थलको हरेक संरचना नेपालको संस्कृति र परम्परा झल्कने गरी ‘बुटिक’ बन्दैछ । करिब तीन वर्षदेखि विमानस्थलको निर्माण र स्तरोन्नतिको काम भइरहेको छ । यसैबीच विमानस्थलको नेतृत्व गर्न पुगेका छन् नेपालको हवाई क्षेत्रमा विमानस्थलको सरसफाइका लागि पहिलोपटक बजेट माग गर्ने र विमानस्थल सफाइको अभियान सञ्चालन गर्ने प्रशासक **प्रतापबाबु तिवारी** । विमानस्थल विज्ञको रुपमा नेपालको प्रशासन क्षेत्रमा परिचित तिवारीले कैयौं राम्रा काम गरेबापत राज्यबाट सुप्रबल जनसेवा श्री तृतियबाट सम्मानित पनि भएका छन् । नेपालगन्ज विमानस्थल प्रमुख र पोखरा विमानस्थल प्रमुख भएर आफ्नो क्षमता प्रदर्शन गर्दै आठ महिना अघि उनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको महाप्रबन्धक बनेर आएपछि विमानस्थललाई बुटिक बनाउने अभियानले झनै तिब्रता पाएको छ । विमानस्थल प्रवेश गरेपछि नै बुटिक एयरपोर्टको आभास पाउन सकिने यो विमानस्थल साच्चै नै विश्वका अन्य विमानस्थलभन्दा फरक बन्दैछ । तर अहिले कोभिड महामारीका कारण उडानहरु प्रभावित हुँदा यो विमानस्थलको आम्दानी ७५ प्रतिशतले घटेको छ । आफ्नै आम्दानीबाट सञ्चालन हुनुपर्ने यो विमानस्थलको आम्दानी घटेपछि बजेटको व्यवस्थापनमा चुनौति देखिएको छ । विविध चुनौतिको बाबजुद विमानस्थलको सुधार अभियान कसरी सञ्चालन भइरहेको छ त ? यिनै विषयमा **मध्यान्ह दैनिक**का लागि **चिरन्जीबी भट्टराई**ले महाप्रबन्धक तिवारीसँग कुराकानी गरेका छन् ।

**प्रतापबाबु तिवारी**
महाप्रबन्धक, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

**नेपालमा कोभिडबाट सबैभन्दा धेरै प्रभावित हुनेमा विमानस्थल पनि रह्यो । अहिले सामान्य अवस्था हुँदै गएपछि विमानस्थलले नियमित उडान बढाएको छ । कसरी व्यवस्थापन गर्नुभएको छ ?**

कोभिड शुरु हुनुभन्दा अगाडिको कुरा गर्दा आन्तरिक र बाह्य दुवैतर्फ करिब दैनिक साढे चार सय जति उडान गरेका थियौं । अन्तर्राष्ट्रिय तर्फ अवतरण र उडान गरी दैनिक एक सय उडान हुने गरेको थियो । तर कोभिड शुरुभएसँगै उडान पूर्ण रुपमा ठप्प भयो । केही चार्टर्ड उडान भएको थियो । त्यसैले वार्षिक १२ अर्ब आम्दानी गरेकोमा तीन अर्बमा खुम्चिनु पर्‍यो । पहिलो चरणको कोभिड पछि फेरी हामी नियमित हुँदै थियौं । तर फेरी दोस्रो चरणको कोभिडको कारण फेरी उडान प्रभावित भयो । तर निषेधाज्ञा खुलेपछि विस्तरै कतारको दोहा, टर्कीको इस्तनबुल र भारतको दिल्ली उडान गरेका थियौं । संक्रमणको दर घट्दै जाँदा हामी अहिले दैनिक ३० वटा जहाजको उडान र अवतरणको मुभमेन्ट गर्न सफल भएका छौं ।

आन्तरिक तर्फ पनि विस्तारै उडान गराएका छौं । शुरुवाती दिनमा उडान संख्या आधा गरेका थियौं । तर अहिले संक्रमणको दर घटेको र यात्रुको संख्या पनि बढेकाले दैनिक १ सय ७ उडान गर्न दिएका छौं । अब दशैंको लागि मध्यनजर गरेर समयको व्यवस्थापन गरी उडान थप गर्ने योजना बनाएका छौं । रातिको समयमा पनि उडान गर्न दिएर विमानस्थलमा भिडभाड हुन नदिने गरी काम गर्ने तयारी गरेका छौं ।



“विमानस्थललाई परम्परा झल्किने र आधुनिकता टल्किने गरी बुटिक बनाउने भन्ने योजना हाम्रो हो । अहिले आधुनिकता त देखिएको छ, अब परम्परा झल्किने काम गर्न बाँकी छ । यो वर्ष नेपालको परम्परा, संस्कृति झल्किने गरी काम गरिएको छ । अगाडिको ‘फाउन्टीङ्’लाई पनि बुटिकको स्टाइलमा निर्माण गर्न लागिएको छ ।

**अहिले केही देशमा उडान हुन सकेको छैन । उडान भर्न नसकेको देशमा उडान नियमित गर्नका लागि कस्तो पहल भइराखेको छ ?**


आन्तरिक तर्फ सुधारोन्मुख छ । अन्तर्राष्ट्रिय तर्फ पनि उडानहरुमा सुधार हुँदै गएको छ । तर पूर्णरुपमा सञ्चालन हुन बाह्य मुलुकका एयरपोर्टहरुले पनि उडान अनुमति दिनुपर्छ । अहिले सबै विदेशी एयरपोर्टले खोलेका छैनन् । जस्तै चीनमा अहिलेसम्म खोलेको छैन, सिंगापुर, कोरिया र मलेसियामा उताबाट ल्याउन पाउँछ र यहाँबाट लैजान पाउँदैन । त्यस्तै यात्रुमा अझै कन्फिडेन्स विकास भएको छैन । र हामीले उडान नियमित हुन नसकेका देशहरुमा नियमित उडान गर्न प्रयास गरिरहेका छौं । सम्बन्धित देशको नीतिमा भरपर्ने भएकोले पनि समस्या भएको छ ।

स्वास्थ्य मापदण्डलाई कसरी पालना गर्नुभएको छ ?

कोभिडसम्बन्धी मापदण्ड राम्रोसँग पालना गरिएको छ । विश्व स्वास्थ्य संगठनको मापदण्ड, विमानस्थलको आफ्नै मापदण्ड, एयरलायन्सको मापदण्ड सबै पालना भएको छ । भौतिक दुरी कायम गर्ने, मास्क लगाउने सबै किसिमका मापदण्ड राम्रोसँग पालना गराएका छौं ।

**कोरोना शुरू हुँदाहुँदै विमानस्थललाई बुटिक बनाउने भनेर काम शुरू गरिएको थियो । अहिलेसम्म के-कस्ता कामहरू भएका छन ?**

बुटिकको अवधारणा जब ल्याइयो त्यसबेला तीनवटा प्याकेज राखिएको थियो । एउटा आन्तरिक टर्मिनलको पुनर्निर्माण, अन्तर्राष्ट्रिय टर्मिनलको पुनर्निर्माण र विमानस्थलको विस्तार तीनवटा प्याकेजमा काम गरिएको थियो । त्यसमा आन्तरिक तर्फ र अन्तर्राष्ट्रिय दुवैतर्फ फ्लोरिङ र सिलिङको काम सिद्धिएको छ । विस्तार गर्ने काम करिब ७० प्रतिशत जति सकिएको छ । विमानस्थललाई परम्परा झल्किने र आधुनिकता टल्किने गरी बुटिक बनाउने भन्ने हो । अहिले आधुनिकता त देखिएको छ अब परम्परा झल्किने काम गर्न बाँकी छ । यो वर्ष नेपालको परम्परा, संस्कृति झल्किने गरी काम गरिएको छ । अगाडिको फाउन्टीनलाई पनि बुटिकको स्टाइलमा निर्माण गर्न लागिएको छ । त्यस्तै अराइभलमा पनि अहिले बुटिककै हिसाबमा नयाँ अराइभल हल बनाइएको छ । त्यसमा परम्परागत आँखि झ्याल राखिएको छ । बुद्धको मुर्ति राखिएको छ । यसले बुद्ध नेपालमै जन्मिएको भन्ने शन्देश दिन्छ । विभिन्न आर्टहरु पनि राखिएको छ । पर्यटनको कुराहरु समेटने खालले अराइभल बनाइएको छ ।



“कोभिडको कारणले गर्दा एयर ट्राफिक घट्यो, यात्रुको मुभमेन्ट घट्यो र आम्दानी पनि घट्यो । आम्दानी नै घटेपछि हाम्रो विकास योजनाको जुन सोचाई थियो त्योअनुसार काम गर्न सकिएको छैन । कर्मचारीको तलब, भत्ता, सुविधादेखि लिएर सञ्चालन खर्च पनि सबै आफै गर्नुपर्छ । फेरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका लागि नेपाल सरकरको ऋण सहयोग पनि आउँदैन । त्यसैले हामीलाई स्रोत नपुग्दो छ ।

**विमानस्थललाई बुटिक बनाउँदै गर्दा केही नयाँ योजना पनि बनेका छन् कि ?**

बुटिककै हिसाबले पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनललाई निर्माण गर्ने भयौं । अवको नयाँ योजना के हो भने विमानस्थल निकै साँघुरो भइसकेको छ । अहिले विमानहरुको आवागमन कम भएको समयलाई सदुपयोग गरेर हामीले निर्माणको काम गर्नुपर्ने छ । त्यो पनि क्षमता विस्तारका लागि गर्नुपर्ने छ । अहिले विमानस्थलको सेवाको माग बढेको छ तर क्षमता बढेको छैन ।

अब चेकइन एरिया, ब्यागेज लिने कस्टमको एरिया र डिपार्चरको एरिया पनि बढाउँदैछौं । यसै क्रममा जति विस्तार हुन्छ त्यसलाई बुटिक हिसाबले नै विस्तार गर्छौं ।

आन्तरिक तर्फपनि अराइभल साँघुरो रहेकोले नयाँ बनाउँदै छौं । डिपार्चर हल पनि विस्तार गर्दैछौं र अबको तीन चार महिनामा निर्माण सम्पन्न हुनेछ । त्यस्तै आन्तरिक तर्फको पार्किङ साधुरो भएकोले त्यसको पनि विस्तार गर्नेछौं ।

**जुन योजनाअनुसार काम शुरू भएको छ यो आर्थिक वर्षमा ती सबै कामहरू सम्पन्न हुने सम्भावना कत्तिको छ ?**

यो आर्थिक वर्षको दुई महिना सकिएको छ । अहिलेसम्म बजेट पास हुन सकेको छैन । मन्त्री नभएकोले बजेट रोकिएको छ । मन्त्री नहुँदा विमानस्थलको सञ्चालक समितिको बैठक बस्न सकेको छैन । हाम्रो बजेट बोर्डले पास गर्नुपर्ने हुन्छ । अब साउन र भदौ गइनैसक्यो । बजेट भएपछि टेन्डरमा गई सम्झौता गर्न प्रक्रियामा जाँदा लगभग अझै साढे दुई महिना लाग्छ । त्यसैले कतिपय कामहरु यो वर्ष सम्पन्न हुन्छ र केही कामहरु अर्कोवर्ष सम्म जान्छ ।

**तपाईंले विमानस्थललाई बुटिक बनाउने र सँगसँगै क्षमता विस्तारको काम पनि गर्ने भन्नु भयो । तर जहाज पार्किङमा पनि समस्या छ भन्ने सुनिन्छ ? कसरी व्यवस्थापन गर्दै हुनुहुन्छ ?**

हो यसपटक पार्किङ थपिएको छ । पहिला नौ वटा पार्किङ थियो भने अहिले दुई वटा थपिएर ११ वटा पुगेको छ । गएको वर्ष वाइडबडी जहाजको लागि पनि पार्किङ विस्तार भएको छ । रिमोट पार्किङ पनि दुई वर्ष अघि नै बनिसकेको छ । आन्तरिक तर्फ नचलेको जहाजहरु लगेर रिमोटमा राखिएको छ । त्यसले गर्दा आन्तरिक तर्फ जहाजको भिडभाड कम छ । त्यसैले अहिले पार्किङको क्षमता पनि बढेको छ । अहिले जहाज पार्किङमा कुनै समस्या छैन् ।

अब अहिलेको काम टर्मिनल र गाडि पार्किङको क्षमता विस्तार गर्नु हो । त्यसको क्षमता विकासमा हामीले काम गरिरहेका छौं ।

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा चाप पर्दै गएको कुरा गर्नुभयो । दिर्घकालसम्मका लागि चाप न्यूनीकरण गर्न कस्तो योजना बनाउनुभएको छ ?**

हो यो विमानस्थल साँघुरो भइसक्यो । मैले गरेको विस्तारको कुरा अल्टिमेट मात्रै हो । यहाँभन्दा बढी विस्तार गर्ने ठाउँ छैन । यसले अबको आठ/दश वर्ष धान्ला । टर्मिनल पनि पुरानो छ । पुरानो भइसकेपछि विभिन्न समस्याहरु आउँछ । फेरी गुरुयोजनाअन्तर्गत नयाँ टर्मिनल भवन बनाउने योजना छ । यो अहिलेको आन्तरिक तर्फको अगाडि बनाउने भन्ने छ । अहिले भइरहेको आन्तरिकको टर्मिनल भत्काएर कुनै अर्को ठाउँमा सार्ने कुरा भइरहेको छ । अहिले निर्धारण भइसकेको छैन । ह्याङ्गर एरियाहरु जति सबै एयरपोर्ट पारिपट्टी जान्छ । अहिले आवागमन कम भएको बेलामा विस्तार गर्ने काम गर्दा फेरी सामान्य अवस्था आउँदा सहज होस भन्ने उद्देश्य राखिएको छ ।

**विदेशी विमानस्थलहरूको तुलनामा नेपालको अवस्था निकै सामान्य देखिन्छ । नेपालको विमानस्थल बुटिक बनेपछि त्यस्ता विमानस्थलहरूसँग तुलना गर्न सकिन्छ ?**

विदेशको पूर्वाधारमा हाम्रो पूर्वाधारलाई तुलना गर्न सक्दैनौं । त्यहाँको मोडल डिजाइन, विमानस्थलको आकार र त्यहाँ प्रयोग हुने सामग्रीलाई हामीले तुलना गर्न सक्दैनौं । हामीले नेपाली मौलिकता दिने हो । यो विमानस्थल जतिबेला बन्यो त्यतिबेला दक्षिण एशियाको पहिलो नम्बरमा थियो । पुरस्कार पनि पाएको थियो भन्ने सुनिन्छ । तर समय अनुसार हामीले यहाँ विकास गर्दै गएनौं । अन्य देशले त्यही अनुसार काम गर्दै गए तर हामीले गरेनौं र पछाडि पर्‍यौं ।

त्यस्तै अहिले अन्य एयरपोर्टको पूर्वाधार विकास योजना पनि छ । अहिले पनि दुईवटा अन्तर्राष्ट्रिय विमानस्थल करिब/करिब सञ्चालनको तयारीमा रहेका छन् । भैरहवा र पोखराको काम भइरहेको छ । निजगढको पनि योजनामा छ । तर सोचेअनुसार भइराखेको छैन ।

हाम्रो फरक पन के हो भने हाम्रो सांस्कृतिक, भाषा, धर्म, संस्कृति दिएर बुटिक विमानस्थल बनाऔं भन्ने हो । केही फरक पन दिने भन्ने हो । आधुनिकता भन्नाले सफाई अर्थात टल्कने होस र अर्को मौलिकता देखिने खालको होस । हाम्रोमा इटा देखिन्छ यो आफैमा बुटिक हो । जब हामीले यसलाई धेरै तोडमोड गर्‍यौं तब बिग्रिदै गयो । अहिले फेरी हामीले पुरानै मोडलमा सुधार गर्न खोजिरहेका छौं ।

**विमानस्थल बुटिक बनेपछि यसको सुन्दरता पक्कै पनि बढ्नेछ । तर यहाँका कर्मचारीको व्यवहार पनि यात्रुको लागि महत्वपूर्ण हुन्छ । त्यसका लागि विमानस्थल प्रशासनले के-कस्तो कार्यहरू गरिरहेको छ ?**

एभिएसन क्षेत्रमा प्रविधिको विकास धेरै भइसक्यो । प्रयोगकर्ताहरु पनि त्यतिकै बढीसके । आन्तरिकमा हेर्नुहोस हिजो पर्यटक आउँदाखेरिको अवस्थाको मुभमेन्ट भए जस्तै अहिले पर्यटन नआउँदा पनि त्यतिकै मुभमेन्ट छ । हिजो हेलिकोप्टर नचढ्ने नेपालीहरु अहिले हेलिकोप्टर चार्टर्ड गर्न थालिसकेका छन् । भनेको एभिएसनप्रतिको विश्वास बढेको छ । त्यसमा पक्कैपनि यहाँ काम गर्ने कर्मचारीहरुले यात्रुप्रति गर्ने व्यवहारले पनि प्रभाव पारेको हुनुपर्छ । तरपनि हामीले व्यक्तित्व विकासमा धेरै नै काम गर्नेछौं ।



यस्तै बजारमा पनि धेरै जहाज आएका छन् । फेयर पनि सस्तो भएको छ । त्यसैले प्रयोगकर्ता पनि धेरै बढीसकेका छन् । आम मानिसहरुमा चासो पनि बढेको छ । धेरै मान्छेले एभिएसनले गरेको काममा प्रश्न उठाउने र मोनिटरिङ गर्ने काम भइरहेको छ । त्यसैले हामीले यात्रुको माग के हो भन्ने कुरा बुझेर त्यसैमा केन्द्रित भई काम गरिरहेका छौं । त्यहीअनुसार भोलिको दिनमा एयर ट्रान्सपोर्ट कसरी विकास गर्ने हो । त्योअनुसार योजना बनाउन हामी लागिपरेका छौं । यिनै कुराहरुलाई केन्द्रीत गरेर हामीले हाम्रो हवाई नीतिमा सुधार गर्नुपर्नेहुन्छ ।

**अन्त्यमा, कोभिड महामारीका कारण उडानहरू ठप्प हुँदा विमानस्थलको आम्दानीमा असर परेको कुरा गर्नुभयो । यसले विमानस्थलको बजेटरी प्रणालीमा कस्तो असर पारेको छ ?**

कोभिडको कारणले गर्दा एयर ट्राफिक घट्यो, यात्रुको मुभमेन्ट घट्यो र आम्दानी पनि घट्यो । आम्दानी नै घटेपछि हाम्रो विकास योजनाको जुन सोचाई थियो त्योअनुसार काम गर्न सकिएको छैन । कर्मचारीको तलब, भत्ता, सुविधादेखि लिएर सञ्चालन खर्च पनि सबै आफै गर्नुपर्छ । फेरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका लागि नेपाल सरकरको ऋण सहयोग पनि आउँदैन । त्यसैले हामीलाई स्रोत नपुग्दो छ । समयसमयमा निषेधाज्ञा भइरहँदा कामले गति लिन सकेको छैन । काम भइराखे पनि लक्ष्यअनुसार हुन सकेको छैन ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**